नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं ।

पत्रिका पाइने ठाउँ

ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक
पोखरा-२, अर्चलबोटचोक, नेपाल ।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक

जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ४० | २०६९ माघ ४ गते, बिहीबार | 17,Jan. 2013 | मूल्य रु. १०/-

के तपाईले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।

संस्थापक/सम्पादक
ज्यो.डा.बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं.९८५६०३०९१४

# फुटवलको गर्मी बढाउँदै सहारा

✍हरि पन्त/ज्योतिष भविष्यवाणी

**पोखरा** : माघ महिनाको चिसो मौसमले पृथ्वीमा बस्ने समग्र प्राणीहरू कठ्याङ्ग्रिए पनि नेपालकै पर्यटकीय सुन्दर नगरी पोखरामा भने त्यस्तो छैन, पोखरामा एकखालको गर्मी बढ्दै जान थालेको छ । यो गर्मी यहि ९ गते मंगलबारदेखि विशेष ताम्झाम्का साथ बढ्नेछ । किनकि पोखरामा प्रशस्त फुटवल पारखीहरू रहेका छन् । सोही पारखीका कारण सहारा क्लव पोखराले १०औं पटकसम्म प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिसकेको छ,फुटवल पारखीलाई स्वाद चखाउँदै ११औं संस्करण समेत सफल बनाउने लक्ष्यका साथ अघि बढिरहेको छ ।

जाडो मौसममा कठ्याङ्ग्रिएर बसेका समग्र पोखरेली तथा पश्चिमाञ्चलवासी फुटवल पारखीका लागि आगामी नौं गते मंगलबारदेखि पोखरामा ११औं संस्करण अन्तर्राष्ट्रियस्तरको फुटवल प्रतियोगिता संचालन हुँदैछ । अन्तर्राष्ट्रिय क्षेत्रको समेत पर्याप्त मायाँ पाएको सहारा क्लव पोखराले अन्तर्राष्ट्रियस्तरको फुटवल प्रतियोगिता यहि ९ गतेदेखि पोखरा रंगशालामा संचालन गर्दैछ । आयोजक सहारालाई काठमाडौंमा जारी शहीद स्मारक ए डिभिजन लिग १२ गतेसम्म लम्बिदिंदा केही अप्ठ्यारो भएपनि त्यसको प्रवाह नगरि तैयारीलाई तीव्र पारिएको छ । पोखराको रंगशालास्थित फुटवल मैदान सम्याउने कार्यदेखि लिएर प्रायोजक तथा व्यानर स्पोन्सर खोज्ने, प्रचार-प्रसारलाई समेत तीव्र पारेको छ । रंगशालाको फुटवल मैदानलाई सम्याउने, पानी तथा युरिया मल राखेर दुवोलाई हरियो बनाई आकर्षक बनाउने कार्य तीव्र रुपमा भईरहेको छ । साथै दर्शक प्याराफिट, भिआइपी प्याराफिट रङ्गिन बनाउने र बासको नयाँ प्याराफिट बनाउने कार्य समेत शुरु भएको छ । जसको खेल मैदान व्यवस्थापन उप-समितिका विश्व टण्डुकार, रामजी कार्की र रविन श्रेष्ठले जिम्मेवारी पाउनुभएको छ ।

त्यस्तै प्रतियोगिताका लागि प्रायोजक, व्यानर प्रायोजक खोज्ने कार्यलाई पनि तीव्रता दिएको बुझिएको छ । करिब ६१ लाख आम्दानी गराउने लक्ष्य सहित अघि बढेका सहारा क्लवका कोषाध्यक्ष तथा अर्थ संकलन समितिका उप-संयोजक विश्वराज बरालले प्रायोजक तथा व्यानर प्रायोजक खोज्ने कार्य तीव्र पारिएको बताउनुभयो । बरालका अनुसार प्रतियोगितामा व्यानर प्रायोजकका लागि न्यूनतम् ५ हजारको मापदण्ड कायम गरिएको भएपनि सामान्य रकम सहयोग गर्नेलाई समेत समेट्ने तैयारी भइरहेको छ ।

त्यस्तै प्रतियोगिताको प्रचार-प्रसारलाई पनि तीव्र पारिएको छ । स्थानीय दैनिक पत्र-

बाँकी ५ पृष्ठमा...

## 'सहारा बिना जीवनको कल्पना गर्न सक्दिन'



विक्रम थकाली

सहारा क्लव पोखराका अध्यक्ष विक्रम थकालीले सहारा क्लव विनाको आफ्नो जीवनको कल्पना गर्न नसकिने बताउनुभएको छ । संस्था स्थापना कालदेखि नै आँफू क्लवमा सक्रिय भएको बताउँदै अध्यक्ष थकालीले आफ्नो रगतका थोपा-थोपामा सहारा क्लव बगेको धारणा व्यक्त गर्नुभयो । हाल ३९ वर्षमा चल्दै गर्नुभएका अध्यक्ष थकाली आफ्नो २५ वर्षको उमेरदेखि नै सहारा क्लवमा आवद्ध भएको दावी गर्नुभयो । आँफूलाई फुटवल खेल अत्यन्तै मन पर्ने भएकाले सानै उमेरदेखि फुटवलमा सक्रिय हुँदा सहारा क्लवसंग सम्बन्ध गाँसिन पुगेको बताउँदै भन्नुभयो,'स्कूल जीवनदेखि नै फुटबलमा सक्रिय हुँदा सहाराको विभिन्न प्रतियोगितामा म टिम क्याप्टेन भएर गेम खेलेको छु ।' आफ्ना बुबा शंकरप्रसाद थकालीको सामाजिक कार्यमा लाग्ने प्रेरणाबाट आँफू सहारा क्लवमा सक्रिय भएको थकालीले जानकारी दिनुभयो । 'सहारा क्लव पहिलो र घर परिवार दोस्रो प्राथमिकता पर्छ' आफ्नो अतित सुनाउँदै अध्यक्ष थकालीले भन्नुभयो,'मेरी श्रीमतीको अप्रेसन गरेर हस्पिटलमा भर्ना गर्दा समेत मैले श्रीमतीको वास्ता नगरी सहाराद्वारा आयोजित फुटवल खेलमा सहभागी भएको थिएँ ।' सहारा क्लवका संस्थापक सदस्य समेत रहनुभएका अध्यक्ष थकालीको यो कार्यकाल चौथो हो । थकालीकै पालामा सहारा एकेडेमी भवन निर्माण तथा विभिन्न समाजिक गतिविधि सम्पन्न भैसकेका छन् । सहारा क्लव पोखरामा आवद्ध नभएको भए व्यापार-व्यवसायमा लाग्ने मनसाय बोकेका थकाली सामाजिक कार्यबाट प्रतिष्ठित हुनुहुन्छ । उहाँ भन्नुहुन्छ,'मेरा माता पिताले व्यापार-व्यवसाय गरेका थिए अझैपनि गर्दै हुनुहुन्छ तर मैले आफ्नो बारेमा केही नसोची सामाजिक कार्यमा नै सक्रिय भएँ । यसैबाट प्रतिष्ठा कमाएको छु । यसबाट मलाई पूर्ण आत्मसन्तुष्टि मिलेको छ ।' सहारा आफ्नो कार्यकालमा आफ्नै खुट्टामा उभिन सफल बनाएको दावी गर्दै भन्नुभयो,'संस्थालाई आँफै हिंड्न सक्ने बनाउने मेरो लक्ष्य हो । संस्था आँफै हिंड्ने भएपछि भावी पुस्तालाई पद हस्तान्तरण गरेर गाइड गरिरहन्छु ।' 'यसको मतलव म सधैं यही पदमा बसिरहन्छु भन्ने होइन' थकालीले ज्योतिष भविष्यवाणीसंग भन्नुभयो,'जो कोही साथी ईच्छुक भएर काम गर्न आउन चाहन्छन् भने म जतिबेला हस्तान्तरण गर्न तैयार छु ।' समग्र क्षेत्रको तन, मन,धन र सहयोगलेमात्र संस्था आफ्नो खुट्टामा उभिन सक्ने भएको दावी गर्दै अध्यक्ष थकालीले भन्नुभयो,'यसअघिका सहयोगले संस्था आफ्नो खुट्टामा उभिन सक्ने भएको छ । अब यसलाई हिंड्न सक्ने बनाउने पनि सबैको कर्तव्य हो ।' आँफूहरूमात्र लागेर केही नहुने सबैको सहयोग, सहकार्यबाटमात्र संस्थाको गतिविधि अघि बढ्ने सहारा क्लव पोखराका अध्यक्ष विक्रम थकालीको भनाइ छ ।

# ज्योतिषको पूर्व जानकारी नलिंदा डेढलाख वर्वाद




(जन्ममिति : २०४९/११/७ गते)

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : एस.एल.सी. परीक्षामा सर्वाधिक अङ्क ल्याएर विशिष्ट श्रेणीमा उत्तीर्ण गर्दैमा मेडिकलमा एम.बी.बी.एस पढ्न ग्यारेन्टी पाइन्छ भन्ने भ्रममा तपाई हुनुहुन्छ भने त्यो भ्रम र घमण्डलाई आजैबाट छोडिदिंदा हुन्छ । लेखेको पाइन्छ, देखेको पाईंदैन ।

त्यसकारण एस.एल.सी.मा उच्च श्रेणीमा उत्तीर्ण गर्दैमा मेडिकलमा नाम निक्लंदो रहेनछ भन्ने पुष्टि कास्की अर्मला निवासी गोविन्द आचार्यले गरेका छन् । उनी विगत एक वर्षदेखि काठमाडौंमा गई एम.बी.बी.एस. परीक्षाको तैयारीमा सक्रिय थिए, ट्युसन, कोचिङ्ग गर्दा पनि उनको नाम निस्केन, आफ्नो नाम न निस्कने भए पछिमात्र उनी फेल हुनुको कारण खोज्न कास्की फिर्ता आए । ज्योतिष भविष्यवाणी कार्यालयमा उनको चिना हेर्दा उनी मेडिकलका विद्यार्थी नभई होटल व्यवस्थापन, मेजर अंग्रेजीमध्ये कुनै पढेमा सफल हुने तर मेडिकलमा कुनै हालतमा नाम ननिस्कने, नाम निस्के पढाई पूरा नहुने, संयोगले पढाई पूरा भएमा दुर्घटनामा परि मेडिकल डक्टरको आम्दानी खान नपाउने देखियो । आचार्यलाई सोही अनुरुप लिखित जानकारी दिएपछि आचार्य होटल व्यवस्थापन विषय लिएर पढ्ने भएका छन् । डेढलाख वर्वादी गरेर मेडिकलमा नाम ननिस्केपछि होटल व्यवस्थापन पढ्नु थियो भने शुरुमा नै होटल व्यवस्थापन पढिदिएका भए डेढलाख जोगिन्थ्यो गोविन्दका अभिभावक बताउँछन् । मंगलको घरमा राहु आफ्ना समगृही, बुधको घरमा मंगलस्थित रहेकाले मेडिकलमा सफलता मिल्न नसकेको गोविन्दको जन्मलग्न कुण्डलीमा रहेका मंगल र राहु ग्रहले बताएका छन् ।

# धार्मिक विभेद विरुद्ध ज्ञापनपत्र

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : सनातन धर्म सेवा समिति कास्कीले आइतबार प्रधानमन्त्री र राष्ट्रपतिलाई नेपाल सरकारले धर्मको आधारमा भेदभाव गर्ने निर्णय लिएकोमा सो निर्णय लागू नगर्न जिल्ला प्रशासन कार्यालय कास्कीमार्फत ज्ञापनपत्र बुझाएको छ ।

हालै नेपाल सरकारले जनसंख्याको आधारमा सरकारी सेवामा मुश्लिमलाई समेत आरक्षण दिने निर्णय गर्दै राष्ट्रपति समक्ष अध्यादेश पठाएकोमा आपत्ति जनाउँदै सो निर्णय धर्मनिरपेक्ष राष्ट्रको मूल्य, मान्यता विपरित भएकाले त्यस्तो नगर्न नेपाल सरकार, राष्ट्रपति कार्यालयको ध्यानाकर्षण गर्न ज्ञापनपत्र बुझाएको समितिका सचिव रामचन्द्र पौडेलले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो ।

ज्ञापनपत्रमा कुनै एक धर्मावलम्बीलाई मात्र जनसंख्याको आधारमा आरक्षण दिनु प्रजातान्त्रिक मूल्य र मान्यता विपरित भएको उल्लेख गर्दै सो निर्णय लागू भएमा धर्मान्तरलाई प्रोत्साहन समेत हुने उल्लेख गरिएको छ । त्यसैगरी नेपाल ब्राम्हण समाज कास्कीले पनि धार्मिक र जातीय आरक्षणको विरोध गर्दै जिल्ला प्रशासन कार्यालय कास्कीमा ज्ञापनपत्र बुझाएको छ ।

# नेपाल पत्रकार महासंघ कास्कीको बन्दसत्र भोलि शुक्रबार

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपाल पत्रकार महासंघ, कास्की शाखाको नवौं साधारण सभा गत शनिबार आफ्नै निर्माणाधिन भवनमा सम्पन्न भएको छ । साधारणसभा सम्पन्न भएपनि साधारणसभाको बन्दसत्रमा संस्थामा आवद्ध सदस्यहरूको गणपुरक संख्या नपुगेकोले भोलि माघ ५ गते शुक्रबार साधारणसभाको बन्दशत्र गर्ने निर्णय महासंघले गरेको छ । बैठकले वार्षिक साधारणसभाको मितिसम्म सदस्यता नविकरण नगर्ने साधारणसदस्यहरूले नविकरण गर्न चाहेमा विधानतः विलम्ब शुल्क तिरेर सदस्यता नविकरण गर्न सक्ने महासंघले निर्णय गरेको छ । सोअघि साधारणसभाको उद्घाटन गर्दै नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव ओम शर्माले द्वन्द्वका समयमा घटेका घटनाहरूको सर्वशक्तिमान न्यायिक आयोग गठन गरेर निष्पक्ष छानविन गर्नुपर्नेमा जोड दिनुभयो ।

पत्रकार डेकेन्द्रराज थापाजस्तै कृष्ण सेन 'इच्छुक', मिलन नेपाली, महेश पहारी लगायत ३३ जना पत्रकारहरूको हत्या गरिएको र बेपत्ता बनाइएको उल्लेख गर्दै महासचिव शर्माले सबैको निष्पक्ष छानविन जरुरी रहेको बताउनुभयो । 'सत्य निरुपण तथा मेलमिलाप आयोगको गठनमा ढिलाई हुने भएकोले सो अगावै न्यायिक आयोग गठन गरेर सत्यतथ्य सार्वजनिक गर्नुपर्छ' शर्माले भन्नुभयो, 'सबै मुद्दाहरूको किनारा नलाग्दासम्म नेपाल पत्रकार महासंघ अविच्छिन्नरुपमा लडिरहन्छ' महासचिव शर्माले भन्नुभयो, 'पत्रकार महासंघले सबै आस्था र विचारलाई रक्षा गर्दै प्रेस र अभिव्यक्ति स्वतन्त्रतासंगै व्यवसायिक हकहितको निमित्त पनि लडिरहनेछ ।' श्रमजीवि पत्रकारहरूले पारिश्रमिक नपाउने समस्या अझै पनि विद्यमान रहेको बताउँदै शर्माले अब राजस्व नतिर्ने र ९-९ महिनासम्म तलब नदिने कुनैपनि संचारगृहका विरुद्ध पनि समाचार लेख्नुपर्नेमा जोड दिनुभयो ।

साधारणसभामा बोल्दै प्रेस काउन्सिल नेपालका सदस्य माधव शर्माले द्वन्द्वकालमा यो वा त्यो पक्षको पत्रकार नभनिकन सबै पत्रकारलाई जोगाएको स्मरण गराउनुभयो । उहाँले डेकेन्द्रराज थापाकोमात्रै होइन् राज्यद्वारा हत्या गरिएका पोखराकै पत्रकार महेश पहारीको परिवारलाई पनि हत्यामा संलग्नहरूका विरुद्ध उजुरी गर्न आग्रह गर्नुभयो ।

त्यस्तै सञ्चारिका समूहकी पश्चिमाञ्चल महासचिव कृपा भण्डारीले पत्रकारहरूमा क्षमता हुँदाहुँदै पनि क्षमताको उचित कदर नभएको गुनासो गर्नुभयो । पत्रकारहरूले श्रमजीवी पत्रकार ऐन अनुसारको पारिश्रमिक नपाउँदा विस्थापित हुनुपर्ने दुःखद् अवस्थाको अन्त्य हुनुपर्ने उहाँको

बाँकी ५ पृष्ठमा...

### ज्योतिषवाणी - जन्मकुण्डलीको महत्व

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ।।

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

## सम्पादकीय

# ज्योतिष वैज्ञानिक दृष्टिकोणमा फुटवल खेल

फुटवल खेल विश्व खेलकूदको इतिहासमा सर्वाधिक लोकप्रिय रहेको छ । नेपालभित्रमात्र होइन विश्वको कुनैपनि राष्ट्रमा फुटवल खेलको एकाधिकार सर्वत्र रहेको पाइन्छ । प्रत्येक राष्ट्रको आफ्नै विशेष खेलपनि हुने गरेका छन् । यति महत्वपूर्ण खेलकूद बारे ज्योतिष वैज्ञानिक अध्ययन, अनुसन्धान तथा हारजितको भविष्यवाणी गर्नु अति आवश्यक पक्ष हो तर खेलकूद क्षेत्रमा संलग्न व्यक्ति आफ्नो टिमले हार्छकि जित्छ ? भनेर ज्योतिष परामर्श लिने गरेको नेपाल अधिराज्यमा नै त नभनौं पोखरामा पाइएको छैन ।

एउटा सामान्य साइकल, स्कूटर, बाइक किन्दा पोखरेलीहरू कुन रङ्गको कुन दिन किनौं ? भनेर सोध्ने गर्दछन् तर जितेमा लाखौं, हात पर्ने र हारेमा लज्जास्पद हारको उपाधि पाउने खेलाडी वर्गले ज्योतिषमा चाँसो राखेको पाइएन । खेलकूद हाम्रोमात्र होइन जो कसैको जीवनमा नभई नहुने क्रियाकलाप हो । खेलकूदले शारीरिक स्वास्थ्यलाई अति राम्रो व्यायामको काम गर्छ भने आपसमा गाढा मित्रताका लागि पनि खेलकूद एक सशक्त औषधि नै हो । व्यक्ति–व्यक्तिबीचको सम्बन्ध स्कूल–स्कूल, क्लव–क्लव हुँदै राष्ट्र–राष्ट्रबीचको आम जनतास्तरको गाढा मैत्रीका लागि दुई वा धेरै राष्ट्रबीच खेलकूद आयोजना गर्ने गरिन्छ । त्यसमा पनि फुटवल खेल सबैभन्दा सहज भएकाले यसलाई ज्यादा मन पारिन्छ । पोखरेली खेलकूदको ईतिहासमा पनि धेरैपटक फुटवल खेलको आयोजना भएको छ, हुँदै जाला, यहि माग ९ गतेदेखि पनि हुँदै छ । लाखौंको लगानी, लाखौंको दर्शक, हारजितमा लाखौं लाभ हानीको क्रियाकलाप खेलकूद बारे ज्योतिष वैज्ञानिक अध्ययन गर्दा नवग्रहमध्ये बुध ग्रहबाट फुटवल खेल हेर्नुपर्ने देखियो । जो खेलाडीको जन्मलग्न कुण्डलीमा बुध ग्रह अंक ७ मा होला अथवा अंक १ मा होला त्यो खेलाडी १ नं. को हुँदो रहेछ । गोल शुरु गर्नेदेखि गोल हान्नेसम्मको खेल बुध अङ्क ७/१ मा हुनेले गर्नुपर्दछ भने बुधग्रह अङ्क २/३/६/११ मा हुनेले प्रतिरक्षाको कार्य गर्नुपर्दछ । यस्तो अवस्था हुनु फुटवल खेलमा ग्यारेन्टी जित्ने अवस्था हो । दोस्रो सफल त्यो टीम हुन्छ जसको कप्तानको जन्मलग्न कुण्डलीमा बुध ग्रह मकर राशि अथवा अङ्क १० मा हुनेले गर्नुपर्दछ भने प्रतिरक्षा/रक्षकको ठाउँमा बुध ग्रह अङ्क २/३/६/११ मध्ये कुनै ठाउँमा हुनेले गर्नुपर्दछ तवमात्र फुटवल खेल जितिन्छ । एक अर्को ज्योतिष वैज्ञानिक तथ्य अनुसार प्रायः फुटवल खेल्ने खेलाडीका जन्मलग्न कुण्डलीमा लग्नको मालिक चर राशिमा लग्नमा होस् अथवा चौथो, सातौं र दशौंमध्ये कुनैमा होस् तर चर राशिमा नै होस् । लग्नको मालिक चर राशिमा अङ्क १/४/७/१० मध्ये कुनैमा होस् तर स्वगृही, उँचो, मूल त्रिकोणसम्म होस् त्यस्ता खेलाडी जुन टिममा छन् त्यो टिमले फुटवल खेल सजिलै जित्ने गर्दछ । जो खेलाडीको हातको हत्केलामा चतुर्भुज चिन्ह होलान्, हात ज्यादै कोमल होलान् हात राता–राता होलान् त्यस्ता खेलाडीको टिमले खेल जित्ने गर्दछ । जो खेलाडीका हातमा अधिकांश रेखा काटिएका होलान्, हात खस्रो र फुस्रो होलान् त्यस्ता खेलाडीले खेल हार्ने गर्दछन् ।

ज्योतिष वैज्ञानिक दृष्टिकोणमा जति नै दक्ष/सफल भएपनि खेलाडी होचो, मझौला कदको हुनु पनि त्यति राम्रो मानिंदैन । जति अग्लो कद छ, जति चिल्लो अनुहार छ, जति रिष्टपुष्ट शरीर छ त्यस्ता खेलाडी खेलकूदमा जहिलेपनि बाजी जित्ने गर्दछन् । जुनदिन चन्द्रमा जता छन् त्यतै फर्केर शिर झुकाई आफ्नो खेलको आरम्भ गर्नु अति राम्रो मानिन्छ । खेलकूदमा जाँदा लाभ, अमृत मुहूर्त पारेर, साथमा अलिकति दही, अवीर लगेर जानसके सुनमा सुगन्ध । त्यसोगरी खेल्न जाने खेलाडीले जित्ने सम्भावना सर्वाधिक ज्यादा हुन्छ । फुटवल खेल गिरी, पुरी, थापा, मगर, चौधरी, गुप्ताहरूको पर्यायवाची हो । त्यसकारण फुटवल खेलमा सम्भव भएसम्म माथि उल्लेखित जातका खेलाडीको टोलि भयो भने जहिले पनि खेल जित्ने सम्भावना बलियो हुन्छ । कुनैपनि खेलकूदको टिममा राख्नै नहुने जात पनि कुनै हुन्छ त्यो नेपालका १०३ जातमध्ये कुनै पर्दछ । त्यो जातको एउटामात्र खेलाडी टिममा रहेछ भने खेल जित्ने सम्भावना प्रायः हुँदैन । गाडीको ड्राइभर होस् या खलाँसी, खेलाडी होस् या पाइलट जुनसुकै अतिसम्वेदनशील पद र ठाउँमा त्यो जातिको एउटै व्यक्ति पनि पर्‍यो भने सफलता नपाईने पनि ज्योतिष वैज्ञानिक दृष्टिकोणमा पाइएको छ । फुटवल खेलको आयोजना वैशाखमा गर्नु सर्वोत्तम मानिन्छ भने माघ महिना दोस्रो उत्तम महिना हो । अरु महिनामा फुटवल खेल्नु, आयोजक बन्नु, खेलकूद आयोजना गर्नु शुभ मानिंदैन ।

फुटवल खेल बुध ग्रहबाट हेरिन्छ । त्यसकारण फुटवल खेलको आयोजना सम्भव भएसम्म बुधबारकै दिन शुरु गर्नुपर्दछ तवमात्र अधिकतम् राम्रो गर्न सकिन्छ । फुटवल खेलमा सहभागी हुन जाने खेलाडीका लागि शुभ साहितको पनि त्यत्तिकै महत्व हुन्छ । देब्रे चन्द्रमा या पिठ्यूँ चन्द्रमा पारी यात्रामा जाने खेलाडीले कहिल्यै पनि पदक, प्रमाणपत्र, पुरस्कार हात पार्न सक्दैनन् । त्यसकारण ठूला खेलमा सहभागी हुने खेलाडीले आफ्नो राम्रो साहित पार्नै पर्दछ । जो खेलाडी चैत्र, ज्येष्ठ, श्रावण, मंसिर, फाल्गुनमध्ये कुनै महिनामा जन्मेका होलान् ती खेलाडीलाई फुटवल खेलमा समावेश गर्नु भनेको खेल हार्नु हो । त्यसकारण कम्तिमा फुटवल खेलाडीले आफ्ना जन्मलग्न कुण्डलीको फोटोकपी गरी आफ्ना ज्योतिष सल्लाहकारलाई बुझाउने र ज्योतिष सल्लाहकारको निर्देशनमा प्रत्यक्ष मैदानमा उत्रने हो भने खेलाडीको भविष्य सयौं गुणा चम्कने निश्चित् छ ।

सम्भवतः नेपाली खेलकूदको ईतिहासमा पहिलो पटक आफ्ना ५०१ सदस्यीय फुटवल खेलको आयोजक समितिमा वरिष्ठ ज्योतिष भविष्यवक्तालाई आयोजक समितिको सदस्य पदमा सर्वसम्मतिले चयन गरी पत्र पठाएकोमा आहा!रारा गोल्डकप आयोजक सहारा क्लवका कार्यसमिति, पदाधिकारी, सल्लाहकार, प्रतिष्ठित सदस्य सबैमा हार्दिक आभार प्रकट गर्दै ज्योतिष वैज्ञानिक दृष्टिकोणमा फुटवल खेललाई भव्य सफल पार्न आफ्नो तर्फबाट पूर्ण प्रतिवद्ध रहने प्रतिज्ञा गर्दै आ–आफ्ना जन्ममिति, जन्म–कुण्डलीको सक्कली विवरण उपलव्ध गराई सहयोग गर्नुहुन पनि थप हार्दिक अनुरोध गर्दछु ।

# कानून व्यवसायी कर्णदासको कथा

कानून व्यवसायी कर्णदासलाई चौपट्टै घमण्ड थियो वकील भएकोमा । 'हो पनि कालोलाई गोरो, गोरोलाई कालो सावित गर्न सक्ने खुवी छैन भने कानून पढ्नु' अंग्रेजी साहित्यकार वेकनको यो उखान उनले चरितार्थ गर्न खोजेका थिए । पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारमा कर्णदासको कानूनी परामर्श कार्यालय थियो, त्यसमाथि उनी क्याम्पस प्रमुख भएको क्याम्पसमा वेदमान अंग्रेजी पढाउन पुगे । वेदमान स्थानीय भएकाले क्याम्पसमा भ्रष्टाचार भएको देख्न पटक्कै सक्दैनथे । उनले एकदिन कानून व्यवसायी, क्याम्पस प्रमुख कर्णदासलाई भने 'सर! यो भर्खरै स्थापित भएको क्याम्पस हो । महिना–महिना तलव खुवाउन त कति गाह्रो छ समितिलाई, तपाईं यस्तो पवित्र ठाउँको पैसाको दुरुपयोग नगर्नुहोस् । उनले वेदमानलाई भने,'सर! जिउँदो पहाडियालाई मरेको मधेशीले बेचिदिन्छ' भन्छन् म त जिउँदो मधेशे । तपाईं बढ्ता फूर्ति नगर्नुहोस् । वेदमान–कर्णदासबीच भष्टाचारको विषयलाई लिएर चरम मतभेद बढ्यो । कर्णदासले सोचे यो 'वेदे'लाई क्याम्पसबाट नै हटाइदिएपछि 'न रहे बाँस, न नबजोस् बाँसुरी' भै हाल्छ । कर्णदासले क्याम्पस समिति अध्यक्षलाई कन्याउनसम्म कन्याए ।

अन्त्यमा अध्यक्ष खुशी भएर भने,'तपाईंलाई कुनैपनि प्रकारको समस्या परे मलाई भन्नु ।' केही दिनपछि कर्णदास क्याम्पस समिति अध्यक्ष छेऊ गएर बिन्ति गरे । लौन हजुर! वेदमान क्याम्पसमा पढाउन बेलामा आउँदैन, मेरो विरुद्ध विद्यार्थी भड्काउँछ, खाली मेरो विरोधमा लाग्छ के गरौं हजुर! कर्णदासज्यू त्यो वेदेको तलव काट्नुहोस् र यो क्याम्पस समितिको निर्णय अनुसारको पत्र यी भनेर थमाइएदिनुहोस् त्यो वेदे आँफै क्याम्पस छोड्छ । कर्णदासले ६ हजार दुईसय पचासी रुपैयाँको मासिक तलवबाट कट्टा गरी आइन्दा छत्तिससयमात्र पाउनेगरी अर्को निर्णयको पत्र बनाएर बिहान वेदमान सर पढाउन आउँदा 'यी सर! पत्र' भनेर के थमाउन खोजेका थिए वेदमानले बेइमान क्याम्पस प्रमुखको नियत बुझिहाले । 'म पत्र बुझ्दिन सर!, यो पत्र आँफै राख्नुहोस्' वेदमानले भने । 'पत्र बुझे बुझ्नुहोस् नबुझे नबुझ्नुहोस् आजैका मितिदेखि लागू हुनेगरी तपाईंको मासिक तलव छत्तिससय हो ' कर्णदासले भने । वेदमानले बिहानभरि आफ्नो कक्षा लिएर दिनमा घर गए । अब भोलिपल्ट जागीर पनि छोड्ने बाग्लुङ र पर्वतका दुवै क्याम्पस प्रमुखलाई पनि बिदा गरिदिने तैयारीमा लागे । भोलिपल्ट कुश्मा गए कक्षा आज लिनु थिएन कर्णदासलाई कुटेर लखेट्नका लागिमात्र गएका थिए । कर्णदास खाना खाँदै थिए,वेदमानले बुट–बुटले कर्णदासलाई कुटे । उनी खाना खाँदै गरेको कोठाको ह्याण्डिल लगाइदिए । कर्णदासलाई भित्र नजरबन्दमा पारी वेदमान कुश्माको प्रहरीचौकी पुगि आँफै उजुरी दर्ता गरे, कर्णदासले मलाई कुटपिट् गर्‍यो भन्दै । तत्काल कुश्माको प्रहरी चौकीबाट प्रहरी गए, कर्णदासलाई चौकीमा ल्याए । प्रहरीले सोधपुस गर्दा कर्णदासले भन्यो,'मैले वेदमानलाई कुटेकै होइन, मलाई वेदमानले बुट–बुटले कुटेको हो । म प्रहरीमा उजुरी गर्न आउनुपर्नेमा उ आइकन उजुरी गरेछ, म साँच्चै मर्कामा परें । कर्णदासले जति भनेपनि पहिलो जाहेरी वेदमानले दिएकाले कर्णदासको केही लागेन । कुश्मा प्रहरीले आँफूले कर्णदासलाई बचाउ गर्न नसक्ने जनायो ।

कर्णदास गालामा खाएको झापड, मलिन अनुहार बनाउँदै जिल्ला अदालत कुश्मा पुगेर कुट्पिटको मुद्धा दर्ता गरे । वेदमानलाई कुश्मा आउने काम थिएन । कर्णदासलाई गोद्नसम्म गोदेर उनी गाउँमा नै मस्त रमाइरहेको बेलामा एउटा मानिस आयो 'यो तपाईंको पूर्जि' भनेर थमायो । कानूनी भाषामा त्यो समाह्वान थियो । वेदमानले पत्र खोलेर हेरे, 'तपाईं आजका मितिले ७ दिनभित्रमा जिल्ला अदालत कुश्मामा आइपुग्नुहोला अन्यथा कानून वमोजिम भईजाने व्यहोरा अवगत गराईन्छ भनिएको थियो । वेदमानले कुरा बुझिहाले कर्णदासको कर्तूत । पत्र गोजीमा हाले । भोलिपल्ट धरणीधर बाजे आइपुगे, उनी गाउँका अध्यक्ष थिए । 'वेदमान बाबु तपाईं र कर्णदासबीचको झगडा सुहाउँदो थिएन । दुवै उच्चस्तरका वौद्धिक व्यक्तित्व मेलमिलाप गरौं ।' वेदमानले भने,'दाई! कर्णदासलाई कानून व्यवसायीको घमण्ड छ, त्यो लाईसेन्सधारी कानून व्यवसायी बाठो कि म ? त्यसलाई तीन बल्ड्याङ खेलाउन चाहन्छु ।' वेदमानले कानून त पढेका थिए तर अधिवक्ताको लाइसेन्स लिएका थिएनन् । त्यसकारण कर्णदासको घमण्डको पारा चढेको थियो । उ जुनसुकै कुरामा नालिस हालिदिउँला भनि धक्कु लगाउँथ्यो ।

हप्ताभित्रमा जिल्ला अदालत कुश्मा बयान निमित्त वेदमान म्यादभित्रै पुगे । पर्वत र बाग्लुङ जिल्लाका प्रतिष्ठित व्यक्ति, कानून व्यवसायी, प्राध्यापकको अदालतमा खचाखच भिड थियो । पहिलो बयानको पालो वेदमानको आयो । 'श्रीमान् यी मेरा प्रतिवादीले जो मलाई कुट्पिट लुटपिट आरोप लगाउनु भएको छ, त्यो लुटेर लगेको भनेको घडी र टि.भि.कुन कम्पनीबाट उत्पादित सामाग्री थिए, मूल्य कति थियो तिनको सक्कली बिल पेश गरी पाउँ ! भनेपछि कर्णदास जिल खायो । उसले वेदमानलाई कुट्पिट लुट्पिटको मुद्धा दिंदा लुटिलगिएका वस्तुको उत्पादक कम्पनी, तिनको बिल समेत पेश गर्नुपर्छ भन्ने उसलाई हेक्कै थिएन । अब उसले मुद्धा पक्कापक्की हार्ने भएपछि 'सर! आपसमा मिलौं । तपाईं हाम्रोबीचमा गर्न सुहाउने यो मुद्धै होइन' भन्न लाग्यो । वेदमानले कर्णदासलाई भन्यो 'मरेको मधेशेले जिउँदो पहाडियालाई कत्तिको बेच्न सक्छ ? तपाई लाईसेन्सधारी वकील र म लाईसेन्स नलिएको वकील । किन मेलमिलाप गर्ने ? वेदमानले कड्केर भने ।

कानून व्यवसायीमा हुनुपर्ने निर्डरपन र साँच्चीकै कसैको विरुद्धमा उत्रने हो भने जसलाई जे पनि गर्न सक्ने ताकत भएको वेदमान मेलमिलाप गर्न सहमत भएन । अन्त्यमा अदालत परिसरमा उपस्थित सबैको आग्रहपछि वेदमान कर्णदाससंग मेलामिलाप गर्न तैयार भए उजुरी, मिलापत्र, दर्ता लगायतको सम्पूर्ण दस्तुर कर्णदासले तिर्ने शर्तमा । पर्वत जिल्लाको कुश्मा बजारको एउटा दोकानमा मिलापत्रको कागज लेखी अदालतमा पेश गर्दाको पर्सिपल्ट वेदमान अमेरिका उँड्नुपर्ने पत्र गोजीमा थियो । आँफैले कुटेको मुद्धामा प्रतिवादीले मिलापत्र गरौं भनि टुङ्गिएको यो मुद्धा नेपालकै पहिलो त नहोला तर अतिकममध्ये एक हो । अहिले कर्णदास नेपालभित्र कतै कानून व्यवसायी र प्राध्यापन गर्दै छन् ।

वेदमान पनि वकालत, प्राध्यापन, पत्रकारिता गर्दै छन् । कर्णदासलाई केही परे वेदमान सडक जुलुसमा जानैपर्छ । वेदमानलाई केही परे कर्णदास सडकमा उत्री प्रदर्शन गर्नुपर्दछ । पेशागत धर्मले पनि वेदमान–कर्णदास हाल दुवै कानून व्यवसायी । मित्रको ईज्जत मित्रले गरेको भए आजीवन आपसिक सहयोग नै हुन्थ्यो । कर्णदासले गरेको अन्याय विरुद्ध जाइलाग्ने वेदमान क्याम्पस छोडेर धेरै उन्नति–प्रगति गर्न सक्यो, कर्णदास कहाँ, कुन अस्थामा छन् वेदमान एक कल फोन गर्न पनि चाहँदैनन् । झगडा झगडा नै हो । झगडामा लागेपछि वादी/प्रतिवादी जे भएपनि झगडिया भइयो । कानूनी मुद्धा मामिलाबाट सम्भव भएसम्म कोसौं टाढा रहनु पनि ठूलो महानता हो । वेदमान कर्णदासलाई हृदयदेखिनै स्नेह गर्थे, गर्दैछन् । कर्णदासलाई पनि कानूनी फन्दामा परेकोमा पछुतो छ । कस्तै भएपनि वेदमानको विवाहको जन्ती र मृत्युपछि मलामी कर्णदास जानैपर्दछ । कर्णदासको सखि, दुःखमा वेदमान जहिले पनि सक्रिय सहभागी हुनैपर्नेछ । दुई कानून व्यवसायी मित्रको कानूनी लडाईंको स्मरण गर्दै पोखराको विन्ध्यवासिनी मन्दिर प्राङ्गणमा वेदमान, कानून व्यवसायी कर्णले एक आपसमा हात मिलाएको अस्तिभर्खर जस्तो लाग्छ । 'आङ कन्याएर छारो' कसैले नगरोस् कानून व्यवसायी वेदमान–कर्णदास समस्त पाठकलाई अपिल गर्दछन् ।

अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी

**अन्तर्राष्ट्रिय कानूनी परामर्श केन्द्र**

# कथा : ज्योतिषी काइँला बाजेको व्यथा



डा.बलराम उपाध्याय रेग्मी

बाग्लुङ जिल्लाको बाग्लुङ बजारस्थित महेन्द्र बहुमुखी क्याम्पस हाल धौलागिरि बहुमुखी क्याम्पसमा काइँला बाजे अंग्रेजी साहित्य पढाउँथे। उनको अंग्रेजी पढाउने प्रतिभा पर्वत जिल्लामा पनि फैलिएको थियो। पर्वत जिल्लाको सदरमुकाम कुश्मा पनि क्याम्पस खुल्ने भएछ। नाम के राख्ने ? 'गुप्तेश्वर क्याम्पस'। अंग्रेजी र कमर्श दुवैको पढाई हुनुपर्ने माँग आम जनताको भएपछि गुप्तेश्वर बहुमुखी क्याम्पस नामाकरण गरियो। राजनीतिशास्त्रका मास्टर बाबु अर्जुन जोशी क्याम्पसको सर्वसम्मत अध्यक्ष चुनिए। पर्वतको कुश्मास्थित क्याम्पसमा पनि अंग्रेजी राम्रो पढाउने मास्टर आवश्यकता खड्कियो। जस्तो-तस्तो अंग्रेजीको मास्टरले बाग्लुङ क्याम्पसको टक्करमा क्याम्पस चलाउनु चानचुने थिएन। अंग्रेजी पढाउने राम्रो मास्टर बाबु पर्‍यो भने बाग्लुङलाई पर्वतले टक्कर दिन सक्थ्यो, होइन भने पर्वत जिल्लाका पाङ, खुर्कोट, दुर्लुङका समेत विद्यार्थी आई.ए., बी.ए. पढ्न बाग्लुङ गईदिएपछि गुप्तेश्वर बहुमुखी क्याम्पस ओझेलमा पर्ने अवश्यंभावी थियो। अध्यक्ष अर्जुन बाबुले सोचे होइन हाम्रै पर्वत जिल्ला खुर्कोट-४ निवासी अंग्रेजी मास्टर काइँला बाजे हाम्रै हुन्। उनको जन्म जिल्ला पर्वतमा खुलेको क्याम्पसमा अनुरोध गरे कसो न आउलान् ? जोशी बाबुको प्रस्ताव आयो। क्याम्पस संचालक समितिका सम्पूर्ण पदाधिकारीले तालि पिटेर समर्थन जनाए। खुर्कोट-२ का गंगाधर पौडेल काइँला बाजेलाई लिन गए। 'भाई हाम्रै जिल्लाको सदरमुकाममा क्याम्पस खुल्ने भयो। पर्वत फलेवासकाले पर्वत जिल्लाकै पहिलो क्याम्पसको रुपमा पर्वत बहुमुखी क्याम्पस खोलिसके पनि कुश्मामा कसैले खोलेको छैन। हामीले बेलैमा खोलेनौं भने भोलि कसै न कसैले क्याम्पस खोल्छ-खोल्छ। तिमी त काइँला बाजे हाम्रै जिल्लाका, गुप्तेश्वर बहुमुखी क्याम्पस कुश्मामा अंग्रेजी पढाउन गईदिनुपर्‍यो।'

काइँला बाजे संस्कृतमा शास्त्री, अंग्रेजी विषयमा विश्वविद्यालयको एम.ए. अंग्रेजीको परीक्षा टप गरेर आएका थिए। महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङका प्राध्यापक योगनाथ कंडेलले पत्र पठाएको आधारमा जाँदा अंग्रेजी पढाउने अन्तर्वार्ता उत्तीर्ण गरीबाग्लुङमा त अंग्रेजी पढाउँदै नै थिए। बिहान १० बजेदेखि बेलुकी ४ बजेसम्म बाजे बाग्लुङमा अंग्रेजी पढाउँथे। बिहान बेलुकी बचेको समयमा बाजे आम जनताका जन्म-कुण्डली, चिना, टिप्पन हेर्ने, जन्मदेखि मृत्युपर्यन्तको विविध समस्या बारे ज्योतिष परामर्श दिन्थे। रातमा अंग्रेजी ट्युसन र ज्योतिष जागरण (मासिक) पत्रिकाको संस्थापक/सम्पादक भै पत्रिका नियमित चलाउँथे। २४ घण्टामा बाजेको दिनचर्या २१ घण्टा व्यस्त थियो। 'खाना त खानु, छानो नखानु' भनेजस्तो बाजेलाई अब अर्को जागीर चाहिएकै थिएन। अर्कोतर्फ बाजे त ज्योतिष भविष्यवक्ता पनि। अहिले हुरुक्कै गरी लगेर बढीबढाउ तलव दिई पढाउन लगाउने पछि कुनै कारणले पोखरा-बाग्लुङ राजमार्ग बन्यो भने खुर्कोट-४ का काइँला बाजेको तलब काट्दै लगेर बिहारदेखि अंग्रेजी मास्टर झिकाउनेछन्। पोखरा-बाग्लुङ राजमार्ग नबन्दासम्म त हो काइँला बाजेको जागीर, उनले भविष्यसम्मको कुरा सोचे। तैपनि अंग्रेजीको मास्टर नखोज्दासम्म बाजे गुप्तेश्वर बहुमुखी क्याम्पस कुश्मामा अंग्रेजी पढाउन सहमत भए, गंगाधरको सात पटकको आग्रहमा।

बाग्लुङ र पर्वत जिल्ला आवत-जावतको दूरी २६ किलोमिटर, दैनिक पैदल पाँच घण्टा १० मिनट हिंडेर गुप्तेश्वर बहुमुखी क्याम्पस, कुश्मा अंग्रेजीका ४ पिरियड र बाग्लुङका ६/७ पिरियड गरि दैनिक कम्तिमा १३/१४ पिरियड अंग्रेजी पढाउनु कसैले सम्भव ठानेको काम थिएन, तर काइँला बाजे कस्सिएर लागे। महेन्द्रपथस्थित बाग्लुङको डेरादेखि बिहान ठीक ४ बजे बाजे बाग्लुङको देवीस्थानको बाटो मालेढुङ्गा झर्दा ४:३० बजेको हुन्थ्यो। कहिले बाग्लुङदेवी थानको जंगलमा बाघ भेटिन्थ्यो, कहिले मालेढुङ्गादेखि अर्मादीको पुल कालीगण्डकीको तिरसम्म भूतप्रेत भेटिन्थे। साना-साना ढुङ्गा जस्ता बुरुक्क-बुरुक्क उफ्रंदा रहेछन् रातमा भूतहरू। ती भूतलाई देखेर डराउने तर्सने फूर्सद बाजेलाई थिएन। 'ॐ नमः शिवाय' जप्दै बाजे लमक-लमक कुश्मातिर हिंड्थे। उनी अर्मादीमा देखिए भने हातको घडीमा ५:३० गरिदिए हुन्थ्यो। उनी कुश्मास्थित गुप्तेश्वर क्याम्पसको गेटमा भेटिए भने पौने ६ बजाइदिए हुन्थ्यो। होइन काइँला बाजे बाग्लुङबाट कुश्मा उडेर पुग्छन् कि ? पैदल हिंडेर जो कसैलाई पत्याउनै कठिन थियो। काइँला बाजेको कठिन जीवनको यात्रा वि.सं.२०४७ देखि २०५३ माघ ७ गतेसम्म चल्दै गर्‍यो। कसैले भने खुब पैसा कमाउन ज्यानको बाजी थापेर कुश्मा-बाग्लुङ पढाउँदैछ। कसैले भने २/४ दिनको रहर हो। काइँलो कत्तिको ठहर्दोरैछ हेरौं। एक दिन होइन, दुईदिन होइन काइँला बाजेले ५ वर्ष नियमित पढाई देखाए। पर्वतको खुर्कोट-४ मा रातमा बास बस्न पुगे भोलिपल्ट कुश्मा पुग्नबाटो आधा हुन्छ भनेर बाजे कहिलेकाहीं खुर्कोट-४, रेग्मीथोक पुग्थे। अर्मादीदेखि ४ किलोमिटर खुर्कोट-४ पुग्न ४ किलोमिटर त्यति नै झर्न। बाजेको २६ किलोमिटर बाटोमा ८ किलोमिटर अरु थपिन्थ्यो। तैपनि बाजे खुर्कोट ४ देखि अर्मादी, अर्मादीदेखि कुश्मा, कुश्मामा अंग्रेजी पढाई पुनःबाग्लुङ पुगि अंग्रेजी पढाउँदै गए। विश्वमा सबैभन्दा ज्यादा २५ किलोमिटर हिंडेर ट्युसन पढाउने भारतका महात्मा गान्धीभन्दा दैनिक ९ किलोमिटर ज्यादा हिंडेर काइँला बाजे अंग्रेजी पढाउँथे। कथा पोखरा, काठमाडौं, दिल्ली, लण्डन, अमेरिकाको भए पत्रकारका पत्रिकाको अग्रपृष्ठमा समाचार बन्थे काइँला बाबु तर उनले पढाउने धौलागिरि अञ्चलको एकमात्र साप्ताहिक पत्रिका काइँला बाबुको साहसिक कथाको समाचार होइन, विज्ञापन आर्थिक पटके सहयोग निमित्त पिछा गर्थ्यो, न दिए जे पनि चरित्र हत्याका समाचार छाप्थ्यो। काइँलाको कसिलो शरीरले पाँच वर्ष पार गर्दै थियो दैनिक पाँच घण्टा १० मिनट पैदल हिंडी १३ पिरियड अंग्रेजी कक्षा पढाउँदै।

पर्वत र बाग्लुङका प्राध्यापक, राजनीतिज्ञलाई सही साध्य भएन। यो मोरो काइँलो त आजीवन कुश्मा-बाग्लुङ पढाउला जस्तो छ। के ले बनेको रहेछ यसको शरीर ? सबैले जिब्रो टोक्थे। यसैबीच महेन्द्र बहुमुखी क्याम्पसका एकजना इतिहासका उप-प्राध्यापक कंडेल बाबुलाई काइँलाको दिनचर्याले घाइते नै बनाएको रहेछ। उनी त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा पुगी एकै दिनमा सरकारी र प्राइवेट होस् या प्राइवेट-प्राइवेट दुईवटा क्याम्पसमा पढाउन नपाउने नियमको पत्र लिई आए। बाग्लुङ क्याम्पस प्रमुख अधिकारी बाजेलाई पनि काइँलाको दुई क्याम्पसको जागीर, ज्योतिष जागरण (मासिक) सम्पादन/प्रकाशन र ज्योतिष परामर्श समेत चारवटा पेशा गरेको सुन्न देख्नै सकिरहेका थिएनन्। महेन्द्र बहुमुखी क्याम्पसका प्रायः एउटा जागीर गरी बाँकी समय तास खेल्ने, अर्काको कुरा काटेर चौरमा बस्नेलाई काइँलाको साहसिक दिनचर्या कमैलाई मन परेको थियो, सबैलाई होइन। त्यसैमाथि काइँला बाजेले क्याम्पस प्रमुख अधिकारी बाजे चिफको कार्यकाल ६ महिना न नाघ्ने भनि भविष्यवाणी गरिदिएका थिए। यसबाट अधिकारी आगो भएका थिए। यता गुप्तेश्वर बहुमुखी क्याम्पस कुश्माका प्रमुख कर्णदास जुनसुकै तरिकाले काइँला बाजेलाई हटाउने हत्कण्डमा लागेका थिए। काइँला बाजे क्याम्पसमा हुने भ्रष्टचारका कुकृत्यलाई भण्डारफोर गर्थे। त्यसकारण पनि काइँला बाजेलाई हटाउन सके क्याम्पसमा वास्तविक बहुदलीय प्रजातन्त्र आउँथ्यो।

आजपनि षड्यन्त्र, भोलिपनि षड्यन्त्र काइँला बाजे व्यस्तका व्यस्त, उनलाई न षड्यन्त्र गर्ने फूर्सद, न त कसैका कुरा काट्ने फूर्सद। उनीबारे कति कथा सुनिए, कति कुरा काटिए उनी कान लगाउँदै हिंड्दैनथे। क्याम्पसका विद्यार्थी काइँला बाजेको अंगेजी प्राध्यापनबाट सन्तुष्ट थिए, नेपाल टप रिजल्ट काइँलाकै कार्यकालमा बहुमुखी क्याम्पसले नेपाल टप रिजल्ट दियो त्यसमा काइँलाको पनि कम योगदान थिएन। एकदिन काइँला बाजेले सोचे पर्वत र बाग्लुङ क्याम्पसमा ईज्जतपूर्वक आग्रह गरेकै भरमा पढाउन गएको हो। विगत पाँच वर्षको अथक परिश्रम गर्दा धौलागिरि अञ्चलकै बुद्धिजीविलाई निंद हराम भयो भने पद पाए आजीवन टाँसिएर न छाड्ने नैतिकता नभएको देशमा आफ्नै हातले राजीनामा दिई क्याम्पस छोडिदिएर पोखरा, काठमाडौं, विराटनगर गै पढाउन थाले कति राम्रो। साँघुरो ठाउँका मान्छेको साँघुरो बुद्धि, फराकिलो ठाउँका व्यक्तिलाई अर्कालाई बिगार्ने फूर्सद नै हुँदैन। आखिर काइँला बाजे जहाँ गएपनि जागीर पाउन कठिन थिएन। दुनियाँका नगद विद्या उनीसंग थिए। आखिर महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङ र गुप्तेश्वर बहुमुखी क्याम्पस पर्वत दुवै ठाउँबाट राजीनामा दिई स्वतन्त्र बुद्धिजीविको रुपमा उमेर ३९ पछिको जीवन बिताउने विचारमा काइँला बाजेले राजीनामा आफ्नै हातले लेखे।

त्यसपछि महेन्द्र बहुमुखी क्याम्पसको पश्चिमचोक महेन्द्रपथ स्थित भीम पोखरा ससुराली निकट सम्वन्ध पर्ने हमालजीको घरको दोस्रो तलामा काइँला कछाड बाँधेर स्टोभमा भात तरकारी पकाउँदै थिए, अर्कोतर्फ हिजो बेलुकीका वासी भाँडा टुटीवाला बाल्टीबाट तुरतुरे पानीमा माज्दै थिए, ढोका ढ्याक-ढ्याक गर्‍यो। बाजेले ढोका खोले, कछाड बाँधेको बाँधैं। आगन्तुक पुरुष बोले-ज्योतिषी बाजे खोई ? काइँला बाजेले भने,'ज्योतिषी बाजे मै हो' आगन्तुकले पत्याएनन्। फेरि अर्को पुरुष आए 'ज्योतिषी बाजे खोई ?' भने 'ज्योतिषी बाजे मै हुँ, भन्नुहोस् काम के थियो ?' बाजेले भने। तिनले पनि पत्याएनन्। काइँलाको कपाल फुलेको थिएन। बाग्लुङ-पर्वत दैनिक ३४ किलोमिटर हिंडी पाँच वर्ष पुग्दा यति पातला भएका थिएकी अनुहार पनि रिष्टपुष्ट थिएन, कारण कहिले बेलुकी ११ बजेतिर एकछाक पकाएर खान्थे भने कहिले एक गिलास दूध पिएको भरमा सुत्थे। बिहानको खाना त बाजेले पाँच वर्षमा पाँच छाक पनि खाए कि खाएनन् उनैलाई थाहा थिएन। बिहान ४ बजे डेराबाट निस्केको प्राणी बेलुकी ५ बजे डेरा फर्कन्छ। पिशाव गर्ने बाहेक हात मिलाउनेसम्म समय नपुग्दा काइँला दायाँ हात हल्लाउँदै हिंड्ने नमस्कारको बदला।

महेन्द्र बहुमुखी क्याम्पसको करिब ७ पिरियड अंग्रेजी पढाई भोकै आँखा तिरमिर गर्दै डेरातर्फ लाग्दै गर्दा काखमा, पिठ्युँमा बच्चा बोकेका म्याग्दी रत्नेचौर, पर्वतको धाइरिङ लगायत टाढा-टाढाबाट चिना हेराउन आएका महिला मेरो पालो पहिला, मेरो पालो पहिला भन्थे। कोठामा जाँदा चिना हेराउनेको भीडले खाना पकाउने ठाउँ कब्जा भैसकेको हुन्थ्यो। खाना पकाउँ ठाउँ छैन। होटलमा खानुभन्दा आत्महत्या गर्नु धेरै ठीक मान्थे काइँला बाजे। हो पनि कट्टर नियम, संस्कारले त बाजे जीवित थिए, स्फुर्तिला थिए। होइन भने बाजेको ड्युटी यो दुनियाँमा कसैले गर्न सम्भव थिएन। धार्मिक कट्टर शक्तिकै बलले चलेका काइँला बाजे चिना हेरी भीड पन्छाई पठाई सकेपछिमात्र खाना पकाई खान पाउँथे। चिना हेर्दै जाँदा रातको ११ बज्थ्यो बिहानदेखि भोकै काइँला रातमा चिना हेरी बजारतर्फ पकाउने तरकारी किन्न जाँदा सबै दोकान बन्द। काइँला बाजेको कोटको खोल्ती ५ सय र हजारको नोटले टन्न हुन्थ्यो तर भित्र पेट सारङ्गी। यतिविधि दुःख गर्ने व्यक्तिलाई पकाएर खान दिने व्यक्ति नभएपछि भोकै सुत्दाको भोलिपल्ट बाजेले बाग्लुङ र कुश्माको गुप्तेश्वर बहुमुखी क्याम्पसमा एकैसाथ लिखित राजीनामा बुझाए। बाग्लुङ डेराको भएभरको सामान पर्वत खुर्कोट-४ स्थित घरमा पठाई आँफू स्वतन्त्र बुद्धिजीविको रुपमा मेची-महाकाली भ्रमणमा प्रस्थान गरे। जागीर जीवनभन्दा दश गुणा सुखी छन् आज काइँला बाजे। काइँला बाजे कसैको तलवी जागीरे छैनन्, तर उनको अथक परिश्रम र उनी संलग्न विद्याले विश्वव्यापी चर्चा पाएको छ। धौलागिरिमा कुरा काट्नेहरू त्यहींको त्यहीं छन् बाजेले आफ्नो विद्यामा विश्व चर्हान सफल भए। दशौं हजार ज्योतिषी, ज्योतिष पत्रकार उत्पादन गर्ने काइँला बाजे आँफैमा सन्तुष्ट छन्। कसैको कुरा काट्ने फूर्सद आज पनि छैन। इर्ष्यालु प्राणीसंग टाढै रहने, घनिष्ट मित्रसंग सधैं हृदयमा बस्न मन पराउने काइँलाको जो कसैले कति ईर्ष्या, डाह गर्ने हो गर्दा हुन्छ, काइँलालाई कसैको चियो-चर्चो, डाह, इर्ष्या गर्ने फूर्सद छैन। पोखरामा आफ्नै निवासमा रम्नेहरू कति सन्तुष्ट छन् तिनको कथा ढिलो चाँडो लेखिएला। मेची-महाकाली, स्वदेश-विदेश भ्रमण सकी पोखरा-२ स्थित पं. मोक्षनाथको निवासमा अतिथिको रुपमा बसी आजीवन ज्योतिष पत्रकारिता, साहित्य सेवा गरी आफ्नै जन्मभूमि पर्वत, खुर्कोट-४ मा पुगी कालिगण्डकीको काखमा चिर निद्रामा विलिन हुने काइँलाको अन्तिम ईच्छा छ। काइँलाको कथामा पाठकलाई सन्देश छ 'सक्छौ राम्रो कर्म गर, सक्दैनौ कसैको कुरा नकाट' तिम्रा लाखौंका, करोडौंका घर, घडेरी, नगद, सुन, पैसा केहीपनि साथमा जाने छैनन्। त्यसकारण फूर्ति नगर काइँलो रित्तै आएको हो, रित्तै जान्छ जे कर्म गर्‍यो त्यसको पुण्य आँफै लगेर जानेछ भने प्रतिष्ठा यतै छाड्नेछ। घमण्डको घैंटो घडेरी, पक्की घर, गाडी, नाइट गाडी काइँलाले किन्नु छैन। पैसाले नपुगेर होइन यस्ता कुरामा काइँलाको रुचि छैन, बरु कुनै साहित्यकार, पत्रकार, लेखकले कुनै कृति प्रकाशित गरेको थाहा पाएसम्म किनिहाल्दा काइँलाको घर कितावै कितावले भरिएको छ। पर्वत-४ को घर त पुस्तकले भरियो-भरियो पोखरा-२ अर्चलबोटस्थित डेराको घरपनि भरिन लागेको छ। काइँलालाई गौरव छ उच्च शिक्षाका डिग्री थप्दै गर्नमा। नयाँ कृति निकाल्दै जाने, पत्रिकालाई निरन्तरता दिने, भौतिक सम्पत्ति होइन। कसैले आइन्दा नसोध्नु घडेरी, घर, गाडी कति छन् भनेर। सकिन्छ भने सोधखोज गर्नु, काइँलाले यो जीवनमा के-के गर्‍यो भनेर काइँलाको आत्माले शान्ति पाउनेछ।




# ¥याण्डमको रजत श्रृङ्खलामा नारीवादको चर्चा

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : अध्ययन संस्कृतिको विकासका लागि हरेक महिनाको अन्तिम शनिबार कुनै पुस्तक वा विषयमाथि परिचर्चासहित क्रियाशील ¥याण्डम रिडर्स सोसाइटी अफ् नेपालले आफ्नो रजत श्रृङ्खलाका अवसरमा नारीवादको परिचर्चा गरेको छ ।

नारीवादका विषयमा अवधारणापत्र प्रस्तुत गर्दै पद्मकन्या क्याम्पस काठमाडौंकी उप–प्राध्यापक अमृता रेग्मीले पछिल्लो समयमा नेपाल र नेपाल बाहिर भएका महिला हिंसाका घटनाहरू मानवीय सम्वेदना हराउँदै गएको प्रमाणका रुपमा व्याख्या गर्नुभएको छ । मानवीय सभ्यताको शुरुवातदेखि नै नारीमाथि विभिन्न बहानामा शोषण हुदै आएको चर्चा गर्दै रेग्मीले नारीवादी आन्दोलनलाई पुरुषविरोधी आन्दोलनका रुपमा नभई पितृसत्तात्मक सामाजिक संरचनाका विरोधमा केन्द्रीत गर्नुपर्नेमा जोड दिनुभयो ।

स्रष्टा परिचय अन्तर्गत झापाकी साहित्यकार हरिमाया भेटवालको परिचय दिंदै सोसाइटीकी सदस्य मीरा ढकालले भेटवाललाई एक नारीवादी लेखिकाका रुपमा चिनाउनुभयो ।

उहाँले भेलवाललाई एक सचेत नारी स्रष्टा भएकोमा जोड दिंदै नेपाली समाज परिवर्तनका लागि हरिमायाका रचनाले महत्वपूर्ण भूमिका खेल्न सक्ने दाबी गर्नुभयो । भेटवालका दोस्रो दर्जा र मैनका मान्छेहरू कथासङ्ग्रह तथा आहाल नाटकसङग्रह प्रकाशित छन् भने विभिन्न नाटकहरू मञ्चित भएका छन् । सो अवसरमा बोल्दै स्रष्टा भेटवालले वर्गीय मुक्ति नभई नारी मुक्ति सम्भव नभएको मत राख्नुभयो । उहाँले पोखराले आफूलाई एक स्रष्टाका रुपमा सम्झेकोमा सोसाइटीलाई धन्यवाद दिनुभयो ।

कार्यक्रम तथा सोसाइटीका अध्यक्ष राजेन्द्र चापागाईं 'आहत'ले वर्तमान विश्वमा महिला हिंसा र नारीवादी आन्दोलनका विषयमा निकै परिचर्चा भइरहेकाले सोसाइटीले नारीवादका विषयमा परिचर्चा गरेको भन्दै भाषण र व्यवहारमा समानता ल्याउन सक्नुपर्नेमा जोड दिनुभयो ।

अवधारणापत्रमाथि मूल टिप्पणी गर्दै समालोचक यादवराज उपाध्यायले नारीवादका विषयमा चर्चा गर्दा जातीय मुद्धालाई पनि बिर्सन नहुने बताउनुभयो । उहाँले नेपाली समाजमा केही जातिमा मातृसत्तात्मक परम्परा कायम रहेको भन्दै त्यसलाई सम्मान गर्नुपर्ने धारणा राख्नुभयो ।

सोसाइटीका उपाध्यक्ष दुर्गाबहादुर शाह 'बाबा'ले स्वागत गर्नुभएको कार्यक्रममा अर्का उपाध्यक्ष नगेन्द्र भण्डारीले आगामी माघ २७ गते शंकर लामिछानेको अब्स्ट्र्याक चिन्तन प्याजका बारे परिचर्चा सुवास मल्लले गर्नुहुने जानकारी दिनुभयो ।

कार्यक्रममा पृथ्वीनारायण क्याम्पसका प्रमुख गेहेन्द्रेश्वर कोइराला, नेपाल प्राज्ञ मञ्चका सदस्य डा.सुनिता गुरुङ, डा.तारा बराल, पत्रकार सुष्मा पौडेल, गीता विष्ट, राजेन्द्र तिवारी, राजनीतिकर्मी खगराज अधिकारी, रविन्द्र अधिकारी, साहित्यकार ईश्वरमणि अधिकारी, इन्द्रकला बराल, सुलोचना खनाल, महेन्द्र रिमाल, तोयनाथ लामिछाने, सुवास मल्ल, राजिन पनेरु, देवका पाहारी, क्षेत्र के.सी. लगायतले टिप्पणी गर्नुभएको थियो । कार्यक्रमको संचालन सदस्य महेन्द्र रिमालले गर्नुभएको थियो ।

# जन्मदिनमा खाद्यन्न सहयोग गरे महतले

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : सबै बालबालिकाले आफ्नो जन्म दिनमा मिठाई बाँडेर, केक काटेर जन्मदिन मनाउँछन् तर ढोरफिर्दी–३ तनहुँ निवासी सुगम महतले आफ्नो १४औं जन्मोत्सवको अवसरमा पोखरा–१७ घारीपाटन, रातो पहिरोमा रहेको अन्धा अपाङ्ग असहाय आश्रमलाई तीन हजार बराबरको खाद्यन्न सहयोग गरेर जन्मदिन मनाएका छन् ।

विभिन्न पत्रपत्रिकामा बृद्धाश्रमलाई धेरै व्यक्तिले सहयोग गरेको समाचार पढेर प्रभावित भएका महतले आफ्नो जन्मोत्सवमा बृद्धाश्रमलाई नै सहयोग गर्ने योजना बनाएका थिए ।

सहयोग हस्तान्तरण गर्दै महतले भने–धेरै व्यक्तिले वृद्धाश्रमलाई सहयोग गरेको समाचार पढेकाले आँफूलाई पनि त्यस्तै सहयोग गर्न मन लागेको हो ।

कार्यक्रममा सहभागी सुगमका पिता परशुराम महतले आफ्नो छोराको अनौठो सोचाइले आँफूलाई खुशी तुल्याएको बताउनुभयो । पोखराको नयाँबजारमा तनहुँ अफ्सेट प्रेस संचालन गर्दै आउनुभएका महतले छोरा सुगमले बद्धाश्रममा सहयोग गर्ने ईच्छा जाहेर गरेको तर आँफूले असहाय आश्रमको विजोग देखेकाले आश्रममा सहयोग गरेको ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो ।

पढाइमा सधैं अब्बल १४ वर्षीय बालक सुगम महत गण्डकी आवासीय उच्च मा.वि.को कक्षा ८ मा अध्ययनरत छन् । खाद्यान्न सामाग्री ग्रहण गर्दै आश्रम संचालक रेवती कार्कीले धेरै व्यक्ति तथा संघसंस्थाको सहयोगले नै आश्रम संचालन हुँदै आएको बताए । आश्रममा हाल १० जना अन्धा तथा अपाङ्ग रहेको बुझिएको छ ।

# त्रिवेणी सहकारीको दोस्रो साधारणसभा सम्पन्न

**ज्योतिष भविष्यवाणी**

**पोखरा** :पोखरा ८ सृजनाचोकमा कार्यालय रहेको त्रिवेणी बचत तथा ऋण सहकारी संस्थाको दोस्रो वार्षिक साधारणसभा शनिवार सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयका प्राचार्य नारायण प्रसाद अर्यालले सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुसार चल्नुपर्ने र सम्पूर्ण सदस्यहरूले आफ्नै संस्थाबाट कारोबार गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा जिल्ला सहकारी संघका सचिव हरिभक्त पौडेल, बिहानी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रामचन्द्र शर्मा लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सहकारीले संचालन गरेको विभिन्न योजना अन्तर्गत संस्थामा उत्कृष्ट कारोबार गर्नेमध्येबाट बाल बचततर्फ सदिप्ता सिलवाल, सम्मान नारीतर्फ मञ्जु थकाली, साधारण बचतकर्तातर्फ गायत्री सञ्चेती, श्यामकुमार विजुक्छे, देशराज गिरी, अन्नपूर्ण गुरुङ, उत्कृष्ट असल ऋणीतर्फ पोषणबहादुर थापा, उमेशकुमार सिंह, रुपा पुनलाई सम्मान गरिएको थियो भने उत्कृष्ट कर्मचारी अनिल सुवेदी र एस.एल.सी.मा सर्वोत्कृष्ट अंक ल्याउनेमा सुरजजंग शाहीलाई सम्मान गरिएको थियो ।

साधारणसभाले रिक्त संचालक समितिको कोषाध्यक्षमा रामबाबु खड्का, संचालक सदस्यमा पोषणबहादुर थापा, सदस्यमा परमेश्वर बस्ताकोटी साथै कर्जा उप–समिति सदस्यमा मुक्तिराम सुवेदीलाई चयन गरेको छ ।

# अन्तर्राष्ट्रिय भलिबल उपाधि ज्ञानुबाबाको पोल्टामा

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपालको महिला भलिवलको इतिहास त्यति लामो नभएपनि पछिल्लोक्रममा बलियो पकड कायम गर्न सफल भएको छ । महिला भलिवलमा नेपालभर वर्चस्व कायम गर्दै पोखराको ज्ञानुबाबा चम्किलो ताराको रुपमा अगाडि आएको छ । ज्ञानुबाबाले यसअघिका कैयौं अन्तर्राष्ट्रिय उपाधि आफ्नो पोल्टामा पार्दै आएको टिम हो । पछिल्लो पटक पोखरामा सम्पन्न अन्तर्राष्ट्रियस्तरकै भलिवलको उपाधि समेत आफ्नै पोल्टामा पार्न सफल भएको छ ज्ञानुबाबा । पश्चिमाञ्चल भलिबल संघको आयोजनामा पोखरा रगंशालामा संचालित अन्तर्राष्ट्रिय आमन्त्रित महिला भलिबलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई पराजित गर्दै ज्ञानुबाबा च्याम्पियन बन्न सफल भएको हो ।

उपाधि भिडन्तमा ज्ञानुबाबाले विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई २५–१९, २५–१७, २५–१९ को सोझो सेटमा पराजित गदै उपाधि रक्षा गरेको थियो । गतवर्ष सम्पन्न वाइ वाइ अन्तर्राष्ट्रिय आमन्त्रित महिला भलिबलमा नेपाल पुलिस क्लबलाई फाइनलमा पराजित गदै ज्ञानुबाबाले नै उपाधि जितेको थियो । उपाधि सहित ज्ञानुबाबाले नगद रु.१ लाख १ हजार १ सय ११ प्राप्त गऱ्यो भने उपविजेता एपीएफले नगद ५० हजार ५ सय ५५ मा चित्त बुझायो ।

प्रतियोगिताको तेस्रो स्थानका लागि भएको खेलमा नेपाल पुलिस क्लबले न्यू डायमण्ड एकेडेमी काठमाडौंलाई २५–१८, २०–२५, २५–१६, २५–१५ को सेटमा पराजित गऱ्यो । खेलको सर्वोत्कृट खेलाडी न्यू डायमण्डकी ललिता नाथ भइन् । तेस्रो भएको गत वर्षको उपविजेता नेपाल पुलिस क्लबले नगद २० हजार २ सय २२ जित्दा न्यू डायमण्ड एकेडेमीले शान्त्वना स्थानमै चित्त बुझाउँदै १० हजार १ सय ११ साथमा ट्रफी, मेडल, प्रमाण–पत्र प्राप्त गऱ्यो ।

प्रतियोगितामा उत्कृष्ट खेलाडीको पुरस्कार ज्ञानुबाबाकी कप्तान तथा अन्तर्राष्ट्रिय महिला भलिबल खेलाडी मञ्जु गुरुङ भइन् । वेष्ट स्पाईकको पुरस्कार न्यू डायमण्डकी रमिला तण्डुकारले प्राप्त गर्दा वेष्ट सेन्टर एपीएफकी विनिता बुढाथोकी भइन् । त्यस्तै वेष्ट ब्लकरको पुरस्कार नेपाल पुलिसकी कोपिला उप्रेतीले जित्दा वेष्ट डिफेन्सको पुरस्कार ज्ञानुबाबाकी मान्ती आलेले प्राप्त गरिन् । प्रतियोगितामा वेष्ट क्वीकरको उपाधि न्यू डायमण्डकी मनिषा तामाङले जित्दा बेष्ट सरभरको पुरस्कार पुलिसकै सुशिला थापाले हात पारिन् ।

विजेता टिमका खेलाडीहरूलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव युवराज लामा, सशस्त्र प्रहरी कालिकागण पोखराका गणपति शम्भु उप्रेती, भलिबल संघ कास्कीका अध्यक्ष छ्याम बहादुर थापालगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

पुस २३ गतेदेखि संचालित प्रतियोगितामा दुई विदेशी सहित सात टिमले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए ।

*नेपालको एकमात्र ज्योतिष समाचारपत्र 'ज्योतिष भविष्यवाणी' खोजी–खोजी पढौं । ज्योतिष भविष्यवाणी (साप्ताहिक) पत्रिकालाई www.jbweekly.com मार्फत विश्वको जुनसुकै कुनाबाट पनि पढ्न सक्नुहुनेछ । साथै समसामयिक विषयका समाचार तथा लेख समेत पठाउन सक्नु हुनेछ । इमेल : haripanta@gmail.com*


ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी

भेट्ने समय : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म

कार्यालय : पोखरा–२, अर्चलबोटचोक, कास्की (बाग्लुङ नयाँ बसपार्कदेखि दोस्रोचोक)

फोन सम्पर्क : ९८४६२१८८१५, ९८४६४६५५०९

हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू

१) सबै प्रकारका जन्मकुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,
२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,
३) जन्मकुण्डली तथा हस्तरेखाको आधारमा लिखित भविष्यवाणी गर्ने,
४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,
५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिदिने ।

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.

चाउथे, कुँडहर

'The Most Spacious Hotel in Pokhara'

फोन: ०६१–५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१–५२४८८१
E-mail : fprince_pkr@wlink .com



**मैदान राम्रो बन्दैछ** : पोखरा रङ्गशालाको खेल मैदानमा पानी राख्दै सहाराका प्रतिनिधि । सहारा क्लव पोखराको आयोजनामा यहि माघ ९ गते मंगलबारदेखि ११औं संस्करणको आहा!रारा गोल्डकप-२०६९ संचालन हुनेछ । जसका लागि खेल मैदान सम्याने, पानी राख्ने र युरिया मल राखेर मैदानमा भएको दुवो हरियो बनाई आकर्षक मैदान बनाउने कार्यलाई तीव्र पारिंदै छ । साथमा दर्शक प्यारापिट, भिआइपी प्यारापिट रङ्गाउने तथा बाँसको नयाँ प्यारापिट निमार्ण गर्ने कार्यसमेत शुरु भएको छ । जसको जिम्मेवारी विश्व टण्डुकार, रामजी कार्की र रविन श्रेष्ठले पाउनुभएको छ । तस्वीर सौजन्य : सुदर्शन रञ्जित

# 'शान्तिका लागि कविता' वाचन

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : लुम्बिनी भ्रमण वर्ष-२०१२ उप-समिति पोखराको आयोजनामा आन्दोलनको ५६औं श्रृङ्खला रुपन्देहीको लुम्बिनीमा सम्पन्न भएको छ । संरक्षण कविताका आन्दोलनकारी कविहरूले सोमबार बुद्ध जन्मस्थल लुम्बिनीमा 'शान्तिका लागि कविता' भन्ने उद्घोषका साथ आफ्ना कविता सुनाएका छन् । भन्ते कमलश्रीको उपस्थितिमा संरक्षण कविता आन्दोलनका कविहरूले देशभक्ति, सीमा समस्या र बुद्ध दर्शनलाई कवितामा समेटेका थिए । आन्दोलनका संयोजक वरिष्ठ साहित्यकार सरुभक्तले आन्दोलनको औचित्यको पुष्टि गर्दै आधा दर्जन मुक्तक र बुद्ध दर्शनसंग सम्बन्धित दुई कविता पनि वाचन गर्नुभएको थियो । लुम्बिनी भ्रमण वर्ष-२०१२ उप-समिति पोखराका संयोजक उत्तम्मान बुद्धाचार्यले कवितामा सशक्त रुपमा देशको अवस्थाको चित्र आउने बताउनुभयो । आन्दोलनकारी कविहरू सरस्वती श्रेष्ठ 'सरु', भूपिन व्याकुल, सरस्वती प्रतीक्षा, सुमन श्रेष्ठ, रमेश प्रभात, अनुराग अधिकारी, रमा प्राशर, शरण आँसु, ईन्द्रमान खत्री र राजेन्द्र पहाडी, फडिन्द्र अकिञ्चनले कार्यक्रममा कविता वाचन गर्नुभएको थियो ।

कार्यक्रममा आमन्त्रित साहित्यकारहरू बनमाली निराकार, डा. मुरारी पराजुली, रुद्र ज्ञवाली, रामबहादुर श्रेष्ठ, छवि ज्ञवाली, गंगा अभिलाषी, विजय सागर लगायतले समेत आ-आफ्ना रचना वाचन गर्नुभएको थियो । वि.सं.२०५५ मा पाँच सूत्रीय घोषणापत्र जारी गरी मुस्ताङको मुक्तिनाथबाट संरक्षण कविता आन्दोलनको शुरुवात भएको थियो । लुम्बिनी भ्रमण वर्ष-२०१२ उप-समिति पोखराका संयोजक उत्तम्मान बुद्धाचार्यको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव पूर्ण लामा र स्वागत मन्तव्य कोषाध्यक्ष शशि तुलाचनले राख्नुभएको थियो ।

## नेपाल पत्रकार...

जोड थियो ।

कार्यक्रममा एकीकृत नेकपा माओवादीका तमुवान राज्य सम्मेलन आयोजक समिति सदस्य रामजी बराल (जीवन) ले द्वन्द्वका घटनालाई समग्ररुपमा नबुझिकन आंशिक रुपमा टुङ्ग्याउन थाल्यौं भने समाधानतिर नजाने जिकिर गर्नुभयो ।

अहिले पत्रकारहरूमात्र नभै सर्वत्र क्षेत्रमा असुरक्षा बढेको स्वीकार्दै नेता जीवनले आग्रह र पूर्वाग्रहबाट प्रेरित भएर समाचार सम्प्रेषण नगर्न पत्रकारहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता तथा अधिवक्ता रामचन्द्र त्रिपाठी, नेकपा एमालेका प्रकाश अधिकारी, क्रान्तिकारी पत्रकार संघका केन्द्रीय सम्मेलन आयोजक समिति सदस्य खिलबहादुर भण्डारी, प्रेस युनियनका केन्द्रीय सल्लाहकार समिरजंग शाह, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य माधव पनेरु, प्रेस चौतारी कास्कीका अध्यक्ष श्यामनाथ कुँवरलगायतले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न अझै पनि लाग्नुपर्ने बताएका थिए । नेपाल पत्रकार महासंघ, कास्की शाखाका अध्यक्ष बद्रिविनोद 'प्रतीक' को अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रको कार्यक्रम संचालन सचिव त्रिभुवन पौडेलले कोषाध्यक्ष डीआर पोखरेलले स्वागत र उपाध्यक्ष राजबहादुर गुरुङले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

यसैबीच नेपाल पत्रकार महासंघको आयोजनामा दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्याको विरोधमा पोखरामा र्‍याली तथा विरोधसभा सम्पन्न गरेको छ । पोखराको वी.पी.चोक, चिप्लेडुङ्गाबाट शुरु भएको र्‍याली भीमसेनचोक, महेन्द्रपुलमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभामा नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष वद्रीविनोद प्रतिक, नेपाल ज्योतिष पत्रकार संघका केन्द्रीय सभापति ज्यो.डा.बलराम उपाध्याय रेग्मी, प्रेस काउन्सिल नेपालका सदस्य माधव शर्मा, प्रेस युनियन कास्की अध्यक्ष शिरोमणि बराल, प्रेस चौतारी कास्की अध्यक्ष श्यामनाथ कुँवर, स्वतन्त्र पत्रकार संघका केन्द्रीय संस्थापक अध्यक्ष कृष्णप्रसाद बाँस्तोला, नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य दुर्गा भण्डारी, शान्तिका लागि नागरिक समाज संजाल कास्की अध्यक्ष विष्णु बराल, संचारिका समूहकी पश्चिमाञ्चल अध्यक्ष वसन्ती बाँस्तोला, क्रान्तिकारी पत्रकार महासंघ कास्की सचिव माधव पनेरु, आदिवासी जनजाति पत्रकार संघ कास्की अध्यक्ष हुमबहादुर गुरुङ, रिपोर्टर्स क्लव कास्की सचिव भानु पराजुली, जिल्ला बार कास्की अध्यक्ष अधिवक्ता कमल अर्याल, पत्रकार महासंघ कास्कीका सह-सचिव विभु भुषाल लगायतले पत्रकार हत्याराले अपराध स्वीकार गर्दा समेत सरकारले संरक्षण दिनु निन्दनीय कार्यभएको बताएका थिए । वक्ताहरूले अपराधीलाई कार्वाही गर्न सरकार तथा नेपालको कानूनले रोके अन्तर्राष्ट्रिय अदालतको ढोका ढक्ढक्याउनु पर्नेमा जोड दिएका थिए ।

यसैबीच पत्रकार डेकेन्द्रराज थापाको हत्यारालाई कार्वाही नगरि संरक्षण दिने सरकार विरुद्ध सर्वोच्च अदालतले हत्याराको बयान नरोक्न अन्तरिम आदेश जारी गरेको छ । अन्तरिम आदेश जारी भएपछि हत्याराको बयान शुरु भएको बुझिएको छ ।



## ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला ।



सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार कार्यालय : पोखरा-२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल ।

Phone/Fax : +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet .com .np/haripanta@gmail .com

Website: www .jbweekly .com, www .Facebook .com/jbweekly


## पोखराको...

पत्रिकाहरूमा काउन्टडाउन विज्ञापन प्रकाशन, एफ.एम. रेडियोमा विज्ञापन प्रसारण तथा मोवाइलको रिङ्गव्याक टोनमार्फत समेत प्रचार-प्रसार गरिएको छ । प्रतियोगताको तैयारी बारेमा जानकारी दिन आगामी शनिबार बिहान ९ बजे पत्रकार भेटघाट कार्यक्रम गरिन लागेको क्लवका सदस्य, पत्रकार तथा प्रचार-प्रसार उपसमितिका उप-संयोजक सुदर्शन रञ्जितले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो ।

'नेपालमा फुटवलको कुरा गर्ने बित्तिकै सहाराको नाम अगाडि आउँछ' रञ्जित भन्नुहुन्छ, 'सहाराले आयोजना गर्ने आहा!रारा गोल्डकप अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चित हुनुमा पोखरेलीको लगाव र मिडियाको भरपुर सहयोगका कारण सहारा सफल हुँदै आइरहेको छ ।' सहारालाई फुटवलका पारखी तथा समग्र क्षेत्रले अत्यन्तै मायाँ गर्ने गरेको सुदर्शन रञ्जितको भनाइ छ । त्यसैगरी आफ्नै आँगनबाट अर्कैले उपाधि खोस्दा पोखरेली फुटवल पारखी निराश बन्न पुगेको निश्कर्ष निकाल्दै यसपालिको उपाधि घरै राख्ने लक्ष्यका साथ सहारा अघि बढेको बताइएको छ । सहाराका वरिष्ठ उपाध्यक्ष तथा प्रतियोगिता संयोजक वीरभद्र आचार्यका अनुसार यसपालिको उपाधि बाहिर जान नदिने अठोटका साथ टिम व्यवस्थापन उपसमिति लागिरेको छ । 'यसपाली उपाधि घरमै राखेर पोखरेली फटवल पारखीमा खुशी छर्न चाहन्छौं' संयोजक आचार्य भन्नुहुन्छ,'आयोजक टोलीलाई प्रशिक्षण दिनेक्रम जारी छ र यसपटक करिब ५ जना विदेशी खेलाडी समेत भित्र्याउने लक्ष्य रहेकाले उपाधि बाहिर नजाने सम्भावना छ ।' 'प्रतियोगितामा समग्र पश्चिमाञ्चलवासीलाई चुलो निम्तो छ' आचार्य भन्नुहुन्छ, 'पश्चिमाञ्चलवासीले गरेको सहयोग सामाजिक कार्यमा नै लगाउने छौं ।'

आहा!रारा गोल्डकप समग्र पश्चिमाञ्चलवासीको प्रतिष्ठा भएकाले प्रतियोगिता सफल बनाउनु सबैको कर्तव्य भएको संयोजक आचार्यको भनाइ छ । केही वर्षदेखि प्रतियोगितामा सहभागी हुँदै आएको सहारा यु.के. यसपटक भने नआउने भएको छ । यु.के.मा नै लिग जारी रहेकाले आउन नसक्ने भएको बुझिएको छ । पोखरेली दर्शक तथा शुभचिन्तक माझ राम्रो छाप छोड्न सफल सहारा यु.के. नआउने भएपनि सहाराका केही शुभचिन्तक आउने तैयारी भइरहेको बुझिएको छ ।

यसैबीच ११औं संस्करणको आहा!रारा गोल्डकप २०६९ को समयसीमा नजिकिंदै छ । अबको ४ दिनभित्रमा सम्पूर्ण तैयारी पूरा गरी प्रतियोगिता संचालन गर्दै सफलतापूर्वक सम्पन्न गर्नु सहारा क्लव तथा समग्र पश्चिमाञ्चल वासीलाई चुनौति छ । समग्र पश्चिमाञ्चलवासीको प्रतिष्ठासंग जोडिएको सो चुनौतिको सामना गर्दै सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरी प्रतियोगिता सम्पन्न गर्नु अपरिहार्य छ ।

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार २०६९/१०/४ Jan.17, 2012 | बिहान ६:५८ बजेदेखि ८:२८ बजेसम्म शुभ/बिहान ८:२८ बजेदेखि ९:५८ बजेसम्म रोग/बिहान ९:५८ बजेदेखि ११:२८ बजेसम्म उद्वेग/बिहान ११:२८ देखि १२:५८ बजेसम्म चर/दिनमा १२:५८ देखि २:२८ बजेसम्म लाभ/दिनमा २:२८ बजेदेखि ३:५८ बजेसम्म अमृत/दिनमा ३:५८ देखि ५:२८ बजेसम्म काल/बेलुकी ५:२८ देखि ६:५८ बजेसम्म शुभ । |
| शुक्रबार २०६९/१०/५ Jan.18, 2012 | बिहान ६:५७ बजेदेखि ८:२७ बजेसम्म चर/बिहान ८:२७ बजेदेखि ९:५७ बजेसम्म लाभ/बिहान ९:५७ बजेदेखि ११:२७ बजेसम्म अमृत/बिहान ११:२७ देखि १२:५७ बजेसम्म काल/दिनमा १२:५७ देखि २:२७ बजेसम्म शुभ/दिनमा २:२७ बजेदेखि ३:५७ बजेसम्म रोग/दिनमा ३:५७ देखि ५:२७ बजेसम्म उद्वेग/बेलुकी ५:२७ देखि ६:५७ बजेसम्म चर । |
| शनिबार २०६९/१०/६ Jan.19, 2012 | बिहान ६:५७ बजेदेखि ८:२७ बजेसम्म काल/बिहान ८:२७ बजेदेखि ९:५७ बजेसम्म शुभ/बिहान ९:५७ बजेदेखि ११:२७ बजेसम्म रोग/बिहान ११:२७ देखि १२:५७ बजेसम्म उद्वेग/दिनमा १२:५७ देखि २:२७ बजेसम्म चर/दिनमा २:२७ बजेदेखि ३:५७ बजेसम्म लाभ/दिनमा ३:५७ देखि ५:२७ बजेसम्म अमृत/बेलुकी ५:२७ देखि ६:५७ बजेसम्म काल । |
| आइतबार २०६९/१०/७ Jan.20, 2012 | बिहान ६:५७ बजेदेखि ८:२७ बजेसम्म उद्वेग/बिहान ८:२७ बजेदेखि ९:५७ बजेसम्म चर/बिहान ९:५७ बजेदेखि ११:२७ बजेसम्म लाभ/बिहान ११:२७ देखि १२:५७ बजेसम्म अमृत/दिनमा १२:५७ देखि २:२७ बजेसम्म काल/दिनमा २:२७ बजेदेखि ३:५७ बजेसम्म शुभ/दिनमा ३:५७ देखि ५:२७ बजेसम्म रोग/बेलुकी ५:२७ देखि ६:५७ बजेसम्म उद्वेग । |
| सोमबार २०६९/१०/८ Jan.21, 2012 | बिहान ६:५७ बजेदेखि ८:२७ बजेसम्म अमृत/बिहान ८:२७ बजेदेखि ९:५७ बजेसम्म काल/बिहान ९:५७ बजेदेखि ११:२७ बजेसम्म शुभ/बिहान ११:२७ देखि १२:५७ बजेसम्म रोग/दिनमा १२:५७ देखि दिनमा २:२७ बजेसम्म उद्वेग/दिनमा २:२७ बजेदेखि ३:५७ बजेसम्म चर/दिनमा ३:५७ देखि ५:२७ बजेसम्म लाभ/बेलुकी ५:२७ देखि ६:५७ बजेसम्म अमृत । |
| मंगलबार २०६९/१०/९ Jan.22, 2013 | बिहान ६:५७ बजेदेखि ८:२७ बजेसम्म रोग/बिहान ८:२७ बजेदेखि ९:५७ बजेसम्म उद्वेग/बिहान ९:५७ बजेदेखि ११:२७ बजेसम्म चर/बिहान ११:२७ देखि १२:५७ बजेसम्म लाभ/दिनमा १२:५७ देखि २:२७ बजेसम्म अमृत/दिनमा २:२७ बजेदेखि ३:५७ बजेसम्म काल/दिनमा ३:५७ देखि ५:२७ बजेसम्म शुभ/बेलुकी ५:२७ देखि ६:५७ बजेसम्म रोग । |
| बुधबार २०६९/१०/१० Jan.23, 2013 | बिहान ६:५६ बजेदेखि ८:२६ बजेसम्म लाभ/बिहान ८:२६ बजेदेखि ९:५६ बजेसम्म अमृत/बिहान ९:५६ बजेदेखि ११:२६ बजेसम्म काल/बिहान ११:२६ देखि १२:५६ बजेसम्म शुभ/दिनमा १२:५६ देखि २:२६ बजेसम्म रोग/दिनमा २:२६ बजेदेखि ३:५६ बजेसम्म उद्वेग/दिनमा ३:५६ देखि ५:२६ बजेसम्म चर/बेलुकी ५:२६ देखि ६:५६ बजेसम्म लाभ । |

# साप्ताहिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार २०६९/१०/४ Jan.17, 2012 | बेलुकी ६:५८ बजेदेखि ८:२८ बजेसम्म अमृत/साँझ ८:२८ बजेदेखि ९:५८ बजेसम्म चर/राति ९:५८ बजेदेखि ११:२८ बजेसम्म रोग/राति ११:२८ देखि १२:५८ बजेसम्म काल/राति १२:५८ देखि २:२८ बजेसम्म लाभ/राति २:२८ बजेदेखि ३:५८ बजेसम्म उद्वेग/राति ३:५८ देखि ५:२८ बजेसम्म शुभ/बिहानमा ५:२८ देखि ६:५८ बजेसम्म अमृत । |
| शुक्रबार २०६९/१०/५ Jan.18, 2012 | बेलुकी ६:५७ बजेदेखि ८:२७ बजेसम्म रोग/साँझ ८:२७ बजेदेखि ९:५७ बजेसम्म काल/राति ९:५७ बजेदेखि ११:२७ बजेसम्म लाभ/राति ११:२७ देखि १२:५७ बजेसम्म उद्वेग/राति १२:५७ देखि २:२७ बजेसम्म शुभ/राति २:२७ बजेदेखि ३:५७ बजेसम्म अमृत/राति ३:५७ देखि ५:२७ बजेसम्म चर/बिहानमा ५:२७ देखि ६:५७ बजेसम्म रोग । |
| शनिबार २०६९/१०/६ Jan.19, 2012 | बेलुकी ६:५७ बजेदेखि ८:२७ बजेसम्म लाभ/साँझ ८:२७ बजेदेखि ९:५७ बजेसम्म उद्वेग/राति ९:५७ बजेदेखि ११:२७ बजेसम्म शुभ/राति ११:२७ देखि १२:५७ बजेसम्म अमृत/राति १२:५७ देखि २:२७ बजेसम्म चर/राति २:२७ बजेदेखि ३:५७ बजेसम्म रोग/राति ३:५७ देखि ५:२७ बजेसम्म काल/बिहानमा ५:२७ देखि ६:५७ बजेसम्म लाभ । |
| आइतबार २०६९/१०/७ Jan.20, 2012 | बेलुकी ६:५७ बजेदेखि ८:२७ बजेसम्म शुभ/साँझ ८:२७ बजेदेखि ९:५७ बजेसम्म अमृत/राति ९:५७ बजेदेखि ११:२७ बजेसम्म चर/राति ११:२७ देखि १२:५७ बजेसम्म रोग/राति १२:५७ देखि २:२७ बजेसम्म काल/राति २:२७ बजेदेखि ३:५७ बजेसम्म लाभ/राति ३:५७ देखि ५:२७ बजेसम्म उद्वेग/बिहानमा ५:२७ देखि ६:५७ बजेसम्म शुभ । |
| सोमबार २०६९/१०/८ Jan.21, 2012 | बेलुकी ६:५७ बजेदेखि ८:२७ बजेसम्म चर/साँझ ८:२७ बजेदेखि ९:५७ बजेसम्म रोग/राति ९:५७ बजेदेखि ११:२७ बजेसम्म काल/राति ११:२७ देखि १२:५७ बजेसम्म लाभ/राति १२:५७ देखि २:२७ बजेसम्म उद्वेग/राति २:२७ बजेदेखि ३:५७ बजेसम्म शुभ/राति ३:५७ देखि ५:२७ बजेसम्म अमृत/बिहानमा ५:२७ देखि ६:५७ बजेसम्म चर । |
| मंगलबार २०६९/१०/९ Jan.22, 2013 | बेलुकी ६:५७ बजेदेखि ८:२७ बजेसम्म काल/साँझ ८:२७ बजेदेखि ९:५७ बजेसम्म लाभ/राति ९:५७ बजेदेखि ११:२७ बजेसम्म उद्वेग/राति ११:२७ देखि १२:५७ बजेसम्म शुभ/राति १२:५७ देखि २:२७ बजेसम्म अमृत/राति २:२७ बजेदेखि ३:५७ बजेसम्म चर/राति ३:५७ देखि ५:२७ बजेसम्म रोग/बिहानमा ५:२७ देखि ६:५७ बजेसम्म काल । |
| बुधबार २०६९/१०/१० Jan.23, 2013 | बेलुकी ६:५६ बजेदेखि ८:२६ बजेसम्म उद्वेग/साँझ ८:२६ बजेदेखि ९:५६ बजेसम्म शुभ/राति ९:५६ बजेदेखि ११:२६ बजेसम्म अमृत/राति ११:२६ देखि १२:५६ बजेसम्म चर/राति १२:५६ देखि २:२६ बजेसम्म रोग/राति २:२६ बजेदेखि ३:५६ बजेसम्म काल/राति ३:५६ देखि ५:२६ बजेसम्म लाभ/बिहानमा ५:२६ देखि ६:५६ बजेसम्म उद्वेग । |

# तपाईंको यो हप्ता

(माघ ४ गते बिहीबारदेखि १० गते बुधबारसम्म)
(From Jan.17, to Jan 23, 2013)

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

१. मेषःतपाईंका लागि यो हप्ता मानसिक व्यर्थ चिन्ता बढ्नेछ । तिरस्कार, हिनतावोध, आफ्ना आश्रित कर्मचारी, छोरा–छोरीबाट धोका खानुपर्नेछ । नाता पर्ने व्यक्तिबाट असहयोगको सामना गर्नुपर्नेछ । आम्दानीभन्दा खर्च नै ज्यादा हुने भएकाले सकेसम्म जोगिनु उचित हुनेछ । अनावश्यक रुपमा शत्रु बृद्धि, आफन्तसंग वादविवादमा लाग्नु ठीक हुनेछैन । मंगलबारबाट भने सुधार हुनेछ ।

२. वृषःतपाईंलाई यो हप्ता स्वास्थ्यको हिसाबले राम्रै रहने छ । आदर–सत्कार, प्रतिष्ठा बढाउने काममा लगानी गर्ने शुभ अवसर आइलाग्ने छन्, पछि हट्नु ठीक छैन । धार्मिक भ्रमण समेत यो हप्ता हुन सक्नेछ तर आफन्तसंग अलि सतर्क हुन आवश्यक देखिन्छ । यो हप्ता खेलकुदमा सहभागी हुन मन लाग्नेछ । आगामी बुधबारदेखि समय खराब हुन सक्ने देखिन्छ, सतर्क हुनुहोला ।

३. मिथुनः यो हप्तामा पनि तपाईंको स्वास्थ्य ठीक–ठाक रहनेछ । गर्न खोजेका केही काम सफल र केही अधुरा रहनेछन् । समय मध्यम शुभ रहेको छ, त्यसैले लाभ, हानी, आफ्ना आम्दानी हेरी चल्नुहोला । दाजुभाइले व्यर्थैको काममा फँसाउन खोज्ने छन् । पुण्य कमाउने काममा भन्दा अशुभ कार्यमा लगानी हुन सक्नेछ । शनिबार पूर्व दिशाको यात्रामा निस्कनु पनि राम्रो हुँदैन ।

४. कर्कःयो हप्ता तपाईंको स्वास्थ्य एक्कासी बिग्रने, चिसोका कारण शरीर सुनिने, निमोनिया हुन सक्ने छ । आँखामा एक्कासी समस्या देखिन सक्छ । आउँदो सोमबार वा मंगलबार घरमा चोरी हुन सक्ने सम्भावना पनि ज्योतिष भविष्यवाणी दृष्टिकोणमा देखिन्छ । आगामी बुधबारदेखि समयमा सुधार आई खेलकुद तथा मनोरञ्जन क्षेत्रमा सहभागी हुन पाइनेछ ।

५. सिंहःतपाईंका लागि यो हप्ता शरीर, चढ्ने सवारी साधन यी दुवै कहीं न कहीं अस्वस्थ रहने समय छ, विचार पुऱ्याउनु होला । खानामा समेत गड्बडीको सम्भावना पनि बलियो छ । चिसोले एक्कासी समात्न सक्छ, सतर्क हुनुहोला । आइतबारदेखि स्वास्थ्यले राम्रो साथ दिने छ । गएको धन फिर्ता माग्न गए यो हप्ता पाइन्छ । मनोरञ्जनात्मक कार्यमा समेत सहभागी हुन पाइनेछ ।

६. कन्याःतपाईंका लागि यो हप्ता स्वास्थ्यले राम्रै साथ दिनेछ । आम्दानीका श्रोतहरू बढ्दै जानेछन् । यश, कीर्ति बढ्ने काममा लगानी गर्न पाइनेछ । नयाँ कामको थालनी बुधबार गर्नुभएमा उच्चतम् फाइदाको हुनेछ । व्यापार व्यवसायबाट राम्रो आम्दानी हुनेछ । सोमबार आकस्मिक रूपमा कुनै चोट लाग्न सक्ने सम्भावना छ, त्यसैले यात्रा तथा जे काम गर्दापनि सजक हुनुहोला ।

७. तुलाःतपाईंका लागि यो हप्ता स्वास्थ्य त्यति खराब छैन । मानसिक प्रशन्नता बढाउने काम हुनेछन् । आम्दानीका नयाँ स्रोत पनि बढ्दै जानेछन् । यो हप्तामा पूर्वी क्षेत्रको भ्रमण सफल रहनेछ तर शनिबार र सोमबार पारेर नजानुहोला । आगामी मंगलबारदेखि गर्न खोजेका काममा बिघ्नबाधा धेरै देखा पर्ने ज्योतिष वैज्ञानिक दृष्टिकोणले देखाउँछ । स्वास्थ्यमा समेत समस्या देखिनेछ ।

८. वृश्चिकःतपाईंलाई यो हप्ता आफ्नै ढिलासुस्तीले मनोवल घटाउनेछ । हरेक काममा पछि परेको अनुभव हुने, मानसिक अशान्ति, यात्रामा बिघ्नबाधा, स्वास्थ्य भरपर्दो नहुनु, खानामा गडबडी, चिन्ता पर्ने समाचारसमेत सुन्नुपर्ने देखिन्छ । शनिबार र आइतबार भने फलफूल सम्बन्धी पेशामा लाभ पाइने, पद र पैसाभन्दा प्रतिष्ठासँग गाँसिएका काममा लगानी हुन सक्नेछ ।

९. धनुःतपाईंका लागि यो हप्ता व्यर्थैको विवादले मानसिक चिन्ता थप्ने छ । आफन्तबाट तिरष्कार, अपमान गर्ने प्रयास हुन सक्नेछ, तपाईंको काम बिगार्न लागि पर्नेछन् । समग्रमा यो हप्ता लाभभन्दा हानी नै ज्यादा हुने हुँदा सतर्क हुनु आवश्यक छ भने मंगलबार र बुधबारको समय केही सुधार हुँदा यसअघि रोकिएका काम सुचारु, पारिवारिक विवाद सुल्झिने छन् ।

१०. मकरःतपाईंलाई यो हप्ता स्वास्थ्यमा कुनै खराबी भए सुधार हुँदै जानेछ । आदर–सत्कारमा वृद्धि, आश्रित कर्मचारी, पारिवारिक सदस्यबाट राम्रो सहयोग पाइने छ । काममा सक्रियता बढ्ने, नयाँ वस्तु, जग्गा जमीन खरिद हुन सक्ने देखिन्छ भने शनिबारको समयमा केही खराब आउने छ । आइतबारदेखि खेलकुदतिर लगाव बढ्नुका साथै धार्मिक भ्रमण गर्न मन लाग्न सक्नेछ ।

११. कुम्भःतपाईंका लागि यो हप्ता मनमा त्रास, शङ्का, असन्तोष जस्तो अनुभव भईरहनेछ । स्वास्थ्यको दृष्टिले समय शुभ छैन । उठ्नुपर्ने पैसा न उठ्ने तर खर्चमा अत्यधिक वृद्धिले पनि थप चिन्ता बढ्ने देखिन्छ । आफन्तसंग भएको कलहले ठूलै घाटा व्यहोर्नुपर्ने छ । समग्रमा यो हप्ता कसैसंग पनि विवाद गर्नु ठीक छैन भने मंगलबारदेखिको समयमा केही सुधार हुने देखिन्छ ।

१२. मीनःयो हप्ता तपाईंको सापटी धन फिर्ता, विगतको तुलनामा मानसिक शान्ति र आराम मिल्ने छ । कर्मचारी, परिवारका सदस्यबाट राम्रै सहयोग पाइनेछ । समय पूर्ण सुधारतर्फ चलिरहेको छ । रोकिएका प्रायः जसो काम छिटै सम्पन्न हुनेछन् । शुक्रबार र शनिबार महत्वपूर्ण मौका पाएर पनि छुट्ने सम्भावना पनि त्यत्तिकै छ । शुक्रबार पश्चिम दिशाको यात्रा गर्नुपनि ठीक छैन ।

## साप्ताहिक साहित

माघ ४, २०६९ बिहीबार – पश्चिम र उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ ५, २०६९ शुक्रबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ ६, २०६९ शनिबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ ७, २०६९ आइतबार – कुनैपनि दिशाको यात्रा गर्नु ठीक हुनेछैन ।
माघ ८, २०६९ सोमबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ ९, २०६९ मंगलबार – पूर्व र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ १०, २०६९ बुधबार – पूर्व र दक्षिण दिशाकोमात्र यात्रा शुभ रहेको छ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile : 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, पर्वत संवाददाता : सुनिता रेग्मी, भारत मध्यप्रदेश संवाददाता : ज्यो. सन्तोष रेग्मी, भारत उत्तर प्रदेश संवाददाता : प्रदीप/मधु रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन,काठमाडौं/ आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङ : हरि पन्त, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल ।
E-mail: haripanta@gmail.com, website: www.jbweekly.com, मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com